दायित्व

(मासिक)

वर्ष - १० | विजया दशमी २०५३ | पूर्णाङ्क - २६

प्रधान संपादक/प्रकाशक
रामप्रसाद पन्त

व्यवस्थापक
लक्ष्मी पन्त

संपादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा

विज्ञापन सहयोगी
विनोद ढुंगेल

प्रतिनिधि
केशवराज पन्त
नारायण शर्मा

सहयोगी
उपेन्द्र ढुंगेल
मुकुन्द शर्मा
बासु घिमिरे

कम्प्यटर
कम्प्यूसफ्ट (प्रा.) लि.
(पवनकुमार रेग्मी)
चावहिल, फो.नं. ४८२४३४

कार्यालय
घ१-६०१ चावहिल,काठमाडौं
पो.ब.नं. ६७६६, काठमाडौं
सहयोग :- संस्थागत रू. ४०/-
व्यक्तिगत रू. १५/-

अन्तर्वार्ता

समालोचना भनेको मौलिक कृतिहरुको विश्लेषण र मूल्यांकन हो ।
- डा. तारानाथ शर्मा ———— १प्रस्तुति:- रामप्रसाद पन्त, ठाकुर शर्मा

कथा

मूलको सन्तुष्टि ———— ५ कुमार ज्ञवाली
बूढो र बूढो भैंसी ———— १० मुगलनारायण बसेल
निर्णयको प्रतीक्षा ———— २१ केशव थापा
बिदाको दिन ———— ३३ सानुभाइ शर्मा

निबन्ध

कविता ⇒कविता⇐ र
कविताका कुराहरु ———— ३९ कृष्ण प्रधान

यात्रा/ संस्मरण

मान्छे कि देउता । ———— १५ फणिन्द्रराज खेताला
श्वेत शिखरहरूतिर ———— २५ भीष्म उप्रेती

कविता/गजल/मुक्तक

नीर सेरमा - ९/ मोहन दुवाल - १३/ धीरेन्द्र मल्ल - १७/ दिलिप शर्मा सिटौला - १९/ सुमित्रा गुरूङ्ग (एहाडी) - २४/ गोविन्द नेपाल - ३१/ देवी प्र. ढकाल - ३७/ व्याकुल पाठक - ४१/ उपेन्द्र ढुंगेल - ४३/ बी.पी. शाही -४५

मुद्रण :- अल प्रिन्टिङ्ग प्रेस फोन नं. ४७४-१०५, चावहिल, काठमाडौं
आवरण/विज्ञापन डिजाइन :- रमेशकुमार ढकाल फोन: ४८२४३४

सम्पादकीय

❒ साहित्य के हो ! कस्तो हुनुपर्छ ! कुन दिशातिर निर्देशित गरिनुपर्छ ! के गर्दा साहित्यको विकास हुन्छ ! साहित्य र संस्कृतिको विकास गर्ने जिम्मा कस्को हो ! कसमाथि यस्को दायित्व छ ! साहित्यको वास्तविक पहिचान के हो ! यस्ले देशलाई उँभो लैजान्छ कि उँधो ! यी प्रश्नहरूको उत्तर कहाँ छ ! कस्ले दिन्छ यस्को जवाफ !

❒ यी प्रश्नहरूको तात्विक उत्तर छैन । उत्तर दिन सक्तैन कसैले यहाँ । व्यक्तिका आ-आफ्ना धारणा छन्, आ-आफ्नै तर्क र विचारहरू छन् । यस्ता तर्क र विचारमा अन्तर्भुत सार निस्कन सक्तैन । 'साहित्य भनेको केही होइन, यो एउटा अनुत्पाद र उपलब्धी विहीन समाजलाई अल्मल्याउने एउटा ढर्रामात्र हो, सुन्तमा एकछिन मजा आउँछ, सुन्दासम्म आनन्द मिल्छ ।' यो एउटा सतही ज्ञानको अभावमा व्याख्यान गर्ने नवयुगीन शैली हो । 'यहाँ साहित्य र सांस्कृतिबाट मात्र स्वदेश र जनताको सही विकासको अपेक्षा गर्न सकिन्छ' भन्ने धारणा राख्ने विचारकहरूको पनि कमी छैन, तर तिनको आवाज शब्दमा मात्र सीमित हुन्छ, क्रियाशील बन्न सक्दैन ।

❒ एउटा मेरा पुराना मित्र मकहाँ काम लिएर आउने गर्थे, काम चाँडो सम्पन्न गराउन लोभ लालच पनि देखाउने गर्थे उनीलाई म भन्ने गर्थें आत्मादेखि नै सहयोगको भावना राख्नु हुन्छ भनें मलाई होइन तपाईंले साहित्यलाई सहयोग गर्नुहोस्, साहित्यलाई फलाउने फुलाउने काममा सहभागी बन्नुहोस् । साहित्य उत्थानकोनिमित्त अभिव्यक्त केही आफ्ना समर्पणका भावना र संस्कारहरूलाई जब म प्रष्टयाउन लाग्थें - उनी प्रशंशा गर्थे र भन्न लाग्थे - तपाईंको यो प्रयाशको म कदर गर्छु, तपाईंको विचारमा म पनि प्रतिबद्धता जागेर गर्छु र वचन दिन्छु - म आफ्नो उद्देश्यमा सफलता हासिल गर्न सकें भने साहित्य उत्थानमा मेरो वर्चस्व सदैव रहनेछ । तर आज उनी मसंग काम बनाउन आउने खुद्रा व्यापारी होइन कि फासेफुसे मन्त्रीलाई पनि नगन्ने ठूला व्यापारी भैसकेका छन् । साहित्यलाई त के हामीलाई पनि सम्झने फुर्सत छैन उनलाई । उनी अहिले नेपालीभन्दा पनि बढी विदेशीहरूसित सम्पर्क राख्ने गर्छन् । नेपालीभन्दा बढी आँग्ल भाषा बोल्ने र नेपालभन्दा बढी विदेश घुम्ने उच्च सम्मान प्राप्त करोडपती व्यपारी भएका छन् । लामो प्रयास पछि मैले एकदिन उनलाई भेटें - सहयोगको प्रस्ताव राखें । उनीले प्रष्ट जवाफ दिए - साहित्य भनेपछि म पटक्कै मन पराउँदिन एलर्जी छ मलाई साहित्यदेखि । के दिन्छ साहित्यले र म दिउँ साहित्यलाई भन्नुस त ! "साहित्य मन पराउनु हुन्न भनें साथी भाइको सत्प्रयास र चाहनालाई आत्मसात् गरेर आर्थिक सहयोग गर्नुस्" । यस्को जवाफ उनीले ठाडो भाषामा दिए - तपाईंलाई आर्थिक सहयोग गरे पनि तपाईंले त्यो सहयोग साहित्यमा नै लगाउनु हुन्छ भनें आफूलाई रुची नभएको विषयवस्तुमा प्रयोग गरिने सहयोग म किन प्रदान गरुँ !

❒ यो एउटा उदाहरणमात्र हो । यस्ता नारा र भाषणहरू यहाँ धेरै हुने गरेका छन् । सानो छँदासम्म गरिन्छन् यी भाषणहरू । शक्तिमा नपुग्दासम्म गुन्जिन्छन् यी नाराहरू । सत्तामा नपुग्दासम्म सुनिन्छन् यी आवाजहरू । प्रजातन्त्र नआउँदा भएन साहित्यको विकास, प्रजातन्त्र आएपछि देखियो विकास हुने ठूलो आश, तर कहिल्यै हुन सकेन र हुने संकेतसम्म पनि देखिएन विकासको तृण आभास ।

❒ आज नेपाली साहित्य दल-दलमा विभाजित भएको छ । साहित्यिक समाज गुटबन्दीमा खण्डित हुन पुगेको छ । जब साहित्य दल-दलमा विभाजित हुन थाल्छ, त्यो साहित्यको भविष्य साच्चिकै दलदलमा फँस्न पुग्दछ । आज हाम्रो साहित्यको स्थिति त्यस्तै भइरहेको छ । जब राजनीतिले साहित्यमाथि अतिक्रमण गर्न थाल्छ, त्यो साहित्य साहित्य रहँदैन । त्यो राजनीतिको परिभाषामात्र हुन पुग्दछ । यहाँनिर साहित्यकार बी.पी. कोइरालाको भनाइ प्रासङ्गित हुन जान्छ - "म राजनीतिमा समाजवादी हुँ, साहित्यमा अराजकतावादी" । यो वाक्यलाई अनुशरण गर्न सकिएमा साहित्यको असली स्वरूप छुलंङ्गिन पुग्दछ ।

❒ हामी प्रयास गरौं - एउटा असंलग्न साहित्यिक संगठन तयार गर्न सकौं, देश र समाजलाई सुसंस्कृत बनाउन सकौं, र नेपाल र नेपालीलाई पहिचान गराउने एउटा सभ्यता विकसित गर्न सकौं ।

शुभ-विजया दशमी २०५३ को पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना ।

अन्तर्वार्ता

समालोचना भनेको मौलिक कृतिहरुको विश्लेषण र मूल्यांकन हो ।

- डा. तारानाथ शर्मा

हाम्रो नेपाली साहित्य जगतका मूर्धन्य विद्वान् समालोचक डा.तानासर्मासंग भेट्ने चाहना थियो । माध्यम यो दायित्व साहित्यिक पत्रिका रह्यो र त्यो अवसर हामीले गुमाउन चाहेनौं, पुग्यौं वहाँको वर्तमान निवास चावेल सरस्वती नगर । पहिलो चोटि भेट्दा सामान्य परिचयको आदान प्रदान भयो । २०५३ साल आश्विन ४ गते शुक्रवारको दिन वहाँसंग समय लिएर विभिन्न उत्सुकता एवं जिज्ञासाका साथ सायंकालीन समयमा पुन: हामी त्यहाँ पुग्यौं । प्रत्येक प्रश्नको सौहार्द्रपूर्ण वातावरणमा वहाँसंग कुराकानी भयो । नेपाली साहित्यप्रति योगदान गरेवापत हामीमा वहाँप्रति जुन सद्भाव र आस्था स्थापित भएको थियो तदनुरुप नै हामीले पायौं ।

वहाँको जन्म: वि.सं. १९९१ साल असार ९ गते इलाम जिल्लाको बरबोटे गाउँमा भएको थियो । बाबु स्व. प्रजापति उपाध्याय र माता स्व. देवकी उपाध्यायको कोखबाट जन्मनु भएका श्री शर्माले विस्कन्सिन विश्वविद्यालय, म्याडिसन, अमेरिकाबाट भाषा विज्ञानमा पि.एच.डी. प्राप्त गर्नु भएको छ । वहाँ नेपालका विभिन्न शैक्षिक संस्थामा अध्यापन कार्य गर्नुका साथै मदन पुरस्कार गुठी, साझा संस्था, गोरखापत्र संस्थान र प्रज्ञा-प्रतिष्ठानसंग पनि सम्बद्ध हुनुहुन्थ्यो । पाँच सय भन्दा बढी रचनाहरू विभिन्न पत्र-पत्रिका मार्फत् पाठक समक्ष पुऱ्याइ सक्नुभएका डा. शर्माले दर्जनौं उत्कृष्ट कृतिहरू नेपाली साहित्यलाई दिनु भएको छ साथै वहाँको समालोचनाको पृष्ठभूमि पनि त्यतिकै प्रबल देखिएको छ । वहाँले समालोचक रामकृष्ण शर्माको स्पष्टवादिता र सूक्ष्मतम दृष्टिकोणको प्रसंशा गर्नुहुन्छ ।

"बेलायततिर बरालिदा" कृतिमा २०२६ सालको मदन पुरस्कार, "सम र समका कृति" मा २०२९ सालको साझा पुरस्कार, नेपाली भाषाको शोध गरे वापत "इतिहास शीरोमणि बाबुराम आचार्य २०५३" पुरस्कार प्राप्त गर्नु भएका श्री शर्माका अन्य कृतिहरूमा घोल्त्याईहरू (२०२१) पश्चिमका केही महान् साहित्यकार (२०२६) नेपाली साहित्यको इतिहास (२०२९) भनुभक्तदेखि तेस्रो आयामसम्म (२०२७) जमर्काहरू (२०३५) नमस्ते (२०१८) र जीवनका छाल (२०३०) छन् भने वहाँबाट २०३९ सालमा ने.रा.प्र.प्र.बाट प्रतिष्ठानको रजत जयन्तीमा छापिएको "पच्चिस वर्षका नेपाली निबन्ध" को सम्पादन र आलोचनात्क भूमिका ,गोपालप्रसाद रिमालको "आमाको सपना" कविता संग्रह र गुरूप्रसाद मैनालीको "नासो" कथा संग्रहको सम्पादन तथा खोजीकार्य भएको छ ।

'आफ्ना आलोचनाहरू फटाहाहरूलाई लाटो पारुन्जेल पोल्ने सिस्नु हुन्' भनी व्यक्त गर्ने डा. शर्मा मनोविश्लेषणात्मक र तुलनात्मक आलोचनालाई बढी महत्व दिनुहुन्छ । सम्प्रति: वहाँ व्याकरण लेखन तथा अनुवाद गरेर जीविकोपार्जनमा संलग्न हुनु भएको कुरा हामीसंग व्यक्त गर्नु हुन्छ । प्रस्तुत छन् - वहाँसंग केही क्षण बसाइका क्रममा भएका कुराकानीहरू :-

प्रश्न नं. १ यहाँले साहित्यका विविध पक्षमा कलम चलाएको हामी पाउँछौं त्यसको प्रारम्भिक आधार, प्रेरणा र मुख्य विधा कुन हो ?

❑ तानासर्मा :- प्रारम्भिक आधार पद्य हो, म सानामा अनुष्टुप छन्दमा दैनिकी लेख्थें । यो क्रम तीन चार वर्षसम्म चल्यो । यसैबीच अरु संस्कृत छन्दहरूमा पनि पद्यात्मक रचना लेख्ने अभ्यास गरें । ती मध्ये केही प्रहेलिकाका उत्तर भारतीमा छापिए पनि । अनुष्टुप छन्दमा लेख्ने प्रेरणा बालकृष्ण समका नाटकहरूबाट प्राप्त भयो । छन्दको मोह लेखनाथ, सम, देवकोटा र धरणीधरका कविताहरूबाट भयो । प्रारम्भिक आधार पद्य भएतापनि त्यो केवल लेखनको आधार मात्र भयो । मुख्य अभिव्यक्तिको विधामने गद्य र त्यसमा पनि निबन्ध भयो । निबन्धको पहिलो रचना "इलाम" शीर्षकमा दार्जीलीङको साप्ताहिक पत्रिका "साथी" मा प्रकासित भयो ।

प्रश्न नं. २. साहित्यिक समालोचना गर्दा यहाँको प्रखर र स्पष्ट उक्तिले कुनै बाधाको अनुभव भयो कि ?

❒ तानासर्मा :- फुक्र्यायो भने प्रसन्न हुने दोष देखायो भने रिसाउने र तर्क गऱ्यो भने जान्ने भयो भन्ने समसामायिक जीवनमा बाँच्नु पर्दा समालोचनाको क्षेत्रमा मैले कहिल्यै जस पाइन । यहाँ जिब्रो चपाएर बोलेमा मात्र राम्रो समालोचक भयो भन्छन् त्यो मेरो स्वभावमा नभएकाले सर्वसाधारण पाठकहरू मेरो समालोचनाबाट प्रसन्न भएतापनि समकालीन रचनाकारहरू मसंग इर्ष्या गर्ने, डाहा गर्ने, होच्याउने, खुट्टा तान्ने र अमर्यादित अभियान चलाउने दिशामा लागेका छन् ।

प्रश्न नं. ३. समालोचनाको सूक्ष्म तत्व वा दृष्टिकोण कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

❒ तानासर्मा :- समालोचनाको आफ्नै धर्म हुन्छ त्यो हो सत्यको अन्वेषण । यस अन्वेषणमा अध्ययन, अध्यवसाय तथा विश्लेषणको जति महत्व छ त्यतिनै महत्व निस्पक्षता र सहानुभूतिको पनि छ । यस्तो किसिमको समालोचनाले एकातिर सास्कृतिक मूल्य र मान्यताको विवेचना गर्छ र लेखकको प्रतिभालाई तुलनात्मकरुपले अगाडि सार्छ भने अर्को तिर भाषा प्रयोग र शैलीको सौन्दर्यलाई प्रस्तुत गरेर पाठकहरूमा उक्त लेखकको मर्यादालाई स्थापना समेत गर्छ ।

प्रश्न नं. ४. वर्तमान समयमा समालोचनाको कुन कसरी अगाडि बढेको छ र यसबाट भविष्य कतातिर मोडिन्छ भन्ने ठान्नुहुन्छ ?

❒ तानासर्मा :- समालोचना भन्नाले समालोचना विधाको परिचय अथवा साहित्यका विभिन्न विधाहरूको व्याख्या होइन, मेरा दृष्टिकोणमा समालोचना भनेको मौलिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन हो । त्यसो हुनाले पाठ्यगत समालोचनालाई म विशेष महत्व दिन्छु । अहिले विश्वविद्यालयबाट भइरहेका अध्ययनहरू तथ्य संकलन र व्याख्या मात्र हुन्, समालोचना होइनन् । अहिले नेपाली समालोचना निकै पछाडि परेको छ । अनुसन्धान र समालोचनामा विशेष फरक के छ भने अनुसन्धानमा भेला पारिएका तथ्यहरूका आधारमा अहिलेसम्म पत्ता नलागेका दृष्टिकोणबाट कृतिहरूमा नयाँ प्रकाश देखाउनु हो भने समालोचनामा गुण दोषको विवेचना गरी कृतिहरूको स्थान निर्धारण गर्नु हो । समालोचना पनि अरु विधा जस्तो अगाडि त बढ्छ तर आज रामकृष्ण शर्माको परम्परालाई अगाडि बढाउने समालोचकहरूको खोजी भइरहेको छ ।

प्रश्न नं. ५. समालोचनाको उर्वर समय कुन थियो र देश विकासमा साहित्यको कस्तो भूमिका हुनुपर्छ भन्ने यहाँको धारणा रहेको छ ?

❒ तानासर्मा :- समालोचनाको एउटा उर्वर समय शारदाको प्रकाशनपछि रामकृष्ण शर्माको अभ्युदयमा थियो र त्यसपछि उनको मार्गलाई आदेश मानेर अघि बढ्ने गणेशबहादुर प्रसाई आदिको प्रयासमा पाइन्छ । देश विकासमा राजनीति र अर्थनीतिको भौतिक रूपले जति ठूलो भूमिका हुन्छ आध्यात्मिक र सास्कृतिक रूपले साहित्य कला र संगीतको पनि त्यतिकै ठूलो भूमिका रहन्छ । साहित्यको भूमिका सोझै हेर्दा अनुत्पादक जस्तो देखिन्छ तापनि त्यसो होइन । यसको दूरगामी प्रभाव जनजीवनमा पर्छ । वास्तवमा कुनैपनि समाजको सभ्यताको स्तरमापन नै त्यस समाजको साहित्य हो । साहित्यले नै मानिसको शिष्टता र प्रतिष्ठाको प्रतिनिधित्व गर्छ ।

प्रश्न नं. ६. हाम्रो सामान्य जानकारी अनुसार यहाँले विभिन्न देश विदेश भ्रमण गरिसक्नु भएको छ । नेपाली साहित्य र विदेशी साहित्यको तुलना गर्नु पर्दा कसरी गर्नु हुन्छ ?

❒ तानासर्मा :- भुटान बाहेक म गएका विदेशी मुलुकहरू सबैनै विकसित भएकाले ती उन्नतिशील देशहरूको साहित्यको तुलना नेपाली साहित्यसित गर्नुपर्दा विचार पुऱ्याउनु पर्ने हुन्छ पहिलो मात्रामा र दोस्रो गुणमा । मात्रामा हाम्रो साहित्य अवश्य पनि धेरै पछि छ । जति देश विकसित भयो उतिनै साहित्यका पुस्तकहरू प्रकाशित हुन्छन् । मनोरन्जनका अनेकौ साधनहरू सरलतासाथ उपलब्ध भएपनि विकसित मुलुकका मानिसहरू बहुसंख्यकरुपमा शिक्षित हुन्छन् र उनीहरू नयाँ नयाँ पुस्तकहरू निरन्तर पढिरहन्छन् । यहाँ एउटा साहित्यिक कृति कतै छापिइहालेछ भने पनि एक हजारप्रति भन्दा बढी हुँदैन । अमेरिकामा एकैचोटि एक लाखप्रति त मामुली छापिन्छ । जापान र युरोपको स्थिति पनि त्यतीछ । गुणको विवेचना गर्दा समाजको स्तर जस्तो छ साहित्य पनि त्यस्तै हुन्छ । नत्र त त्यसले समाजको प्रतिनिधित्व गर्दैन । साहित्य माटाबाट उम्रिन्छ भनेर मैले सधै भन्दै आएको छु । नेपाली साहित्यमा नेपाली माटोको सुगन्ध हुन्छ, नेपाली जनताका आकाक्षाहरू हुन्छन् तथा हाम्रा सुख दुःखहरू हुन्छन्, विजय र हारहरू हुन्छन् । हामी अहिले जुन ठाउँमा पुगेका छौं त्यस ठाउँमा विकसित मुलुकका मानिसहरू सयौं वर्ष अघि पुगेका थिए । अब म नेपाली साहित्यलाई विदेशी साहित्यसंग कसरी तुलना गरुं ।

प्रश्न नं. ७. साहित्य संवन्धी उच्च संस्थासंग संलग्न रही कार्य सपादन गर्दाको उपलब्धी र अनुभव बताइदिनु हुन्छ कि ?

❒ तानासर्मा :- मदन पुरस्कार गुठीसंगको संलग्नताबाट प्रारम्भ भएको मेरो सपर्क साझा प्रकाशन तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसम्म पुगेको छ । मदन पुरस्कार गुठीसंगको अनुभव

राम्रो र मनोरञ्जनक छ । साझा प्रकाशनमा क्षेत्रप्रताप अधिकारी हुन्जेलसम्म साहित्यिक कृतिहरूको राम्रो विवेचना हुन्थ्यो र लेखकहरूको पनि राम्रो आदर सत्कार हुन्थ्यो । तर त्यसपछि त्यो क्रम खस्किंदै गएको देखिन्छ । मेरा १० / १२ वटा किताबहरू साझाले छापेको थियो । ती मध्ये कतिपय पाठ्यपुस्तकहरू पनि थिए । सात वर्षपछि अमेरिकाबाट फर्केर पारिश्रमिक लिन जांदा मैले छ हजार छ सय रूपैयाँ पाएं । एकेडमीमा एउटा नेपाली व्याकरण विषयको पुस्तक तत् सम्वन्धी प्राज्ञले अनुरोध गरी मसग मागेकोमा छ वर्षपछि पचास चोटी अभ्यर्थना गरेपछि बल्ल छापियो । पाण्डुलिपि मूल्याङ्कन गर्न दिएको पारिश्रमिक मागन पन्ध चोटी गैसकें तर पाएको छैन ।

प्रश्न नं. ८ लेखनको सिर्जनात्मकता र स्तरीयताको सन्दर्भमा हिजो र आज के फरक पाउनु हुन्छ ?

❒ तानासर्मा :- अहिले पनि सिर्जनात्मकता र स्तरीयताको अनुपस्थिति नै त छैन तर अध्यनशीलता र राजनीतिदेखि निस्पक्ष रहने प्रवृत्तिका कमिले गर्दा साहित्यिकता कम र दलगत सम्बन्ध बढी देखिन्छ । जसले गर्दा स्तरीयतामा ह्रास हुनु स्वभाविकै हो । साहित्यलाई सृजनशील तथा स्तरीय बनाउने काममा एक निष्ठा चाहिन्छ । आज राजनैतिक पक्षपातले गर्दा त्यतातिर हामी अभावको अनुभव गरिरहेका छौं ।

प्रश्न नं. ९ जीवनका यी आरोहावरोहहरूमा यहाँले भोगेको खुसीको क्षण र दुःखको क्षण कुन होला ?

❒ तानासर्मा :- खुसीको क्षण मदन पुरस्कार पाउदाको हो र दुःखका भने धेरै क्षणहरू छन् जस्को व्याख्या आज सम्भव नहोला ।

प्रश्न नं. १० वर्तमान साहित्यिक पत्र-पत्रिकाको स्थितिलाई हेर्दा यसलाई निरन्तरता दिन कुन बाटो उपयुक्त हुन्छ भन्ने ठान्नुहुन्छ ?

❒ तानासर्मा :- शिक्षाको स्तर बढाउनुपर्छ र सस्ता पत्रिका तथा सस्ता टि.भी.का कार्यक्रमहरूप्रति मानिसहरूमा स्वभाविक रूपले वितृष्णाको चेतना जाग्नुपर्छ । यस्तो कुरा विकसित मुलुकहरूमा भै सकेकोछ । हामीले साहित्यिक पत्रिकाहरूलाई निरन्तरता दिन तलका उपायहरू अंगाल्नु पर्छ :-

क) सरकारले साहित्यिक पत्रिकाहरूलाई कागज, छपाइ वा आर्थिक जुन किसिमले हुन्छ यथेष्ट सहयोग दिनु पर्छ ।

ख) शिक्षा मन्त्रालयले साहित्यिक पत्रिकाहरू ३/४ हजार किनी विभिन्न शिक्षण संस्था र व्यक्तिहरूलाई निःशुल्क वितरण गर्नु पर्छ ।

ग) साहित्यिक पत्रिकाहरुको स्तर बढाउन स्तरीय लेखकहरूका रचनाका निम्ति उचित पारिश्रमिकको व्यवस्था गरिनु पर्छ ।

घ) साहित्यिक पत्रिकासग सम्वद्ध व्यक्तिहरूलाई सरकार र समाजले उचित सम्मान, पुरस्कार र आर्थिक सहयोग प्रदान गर्नुपर्छ ।

ङ) साहित्यिक पत्रिका निकाल्ने मानिसहरूलाई सम्मेलनमा बोलाउने, प्रचार गरिदिने र प्रतिष्ठा दिने काम राष्ट्रिय निकायहरूले गर्नुपर्छ ।

प्रश्न नं. ११ २०४६ साल पछि साहित्यको स्तर खस्केको छ र समुचित एवं निस्पक्ष ढंगबाट समालोचना भएको छैन भन्ने सुनिन्छ यहाँको धारणा ?

❒ तानासर्मा:- २०४६ को जनआन्दोलनले राजनैतिक परिवर्तन ल्यायो । त्यसबाट साहित्यमा त्यति ठूलो प्रभाव परेन, किनभने पञ्चायतको अन्तिमकालतिर नै साहित्यले स्वतन्त्र अभिव्यक्ति गर्न थालिसकेको थियो । त्यसो हुनाले २०४६ साललाई परिवर्तनको बिन्दु मान्न साहित्यका क्षेत्रमा मिल्दैन । खस्कने नखस्कने कुरा गर्नुभन्दा साहित्यको विवेचनालाई कम्तिमा पनि एक दशक पर्खिनु पर्ने हुन्छ । अहिलेका कृतिहरूलाई त्यतिबेले मूल्याङ्कन गर्नु राम्रो होला । अहिले नै नराम्रो भन्न भने मिल्दैन किनभने साहित्य निरन्तर विकासतिर लम्कंदै छ ।

प्रस्तुति : ठाकुर शर्मा र रामप्रसाद पन्त

***

विजया दशमी २०४३ को पुनीत उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

यज्ञ बहादुर बुढाथोकी
अध्यक्ष तथा
त्रिभुवननगर नगर विकास समिति
त्रिभुवननगर, दाङ्ग

कथा

मूलको सन्तुष्टि

- कुमार ज्ञवाली

पुरा मानव जाति मेरो परिवार थियो तथा पृथ्वी मेरो जन्मस्थल थियो । अनेकौं वर्षदेखि त्यस्तो विचार गरेरमात्र चित्त बुझाउन सकेकी थिइन । एकै पल्ट भएपनि आफू जन्मेको घर हेर्न र आफ्नो परिवार चिन्ने पिपासाले पछ्याउन छाडदैनथ्यो । कति प्रबल हुँदो रहेछ आफू जन्मेको माटोको आकर्षण । मेरो लोग्ने र दुईजना छोराहरू मेरो व्यथा बुझ्न असमर्थ थिए ।

सपनामा म समय समयमा जन्मेको घर तथा आमा बालाई देख्न पुग्थे । ब्यूंझदा व्यथित हुँदै अनुभव गर्दथें कि यत्रो विशाल ब्रम्हाण्डमा म एक्ली र परिचयहीन थिए ।

सम्झना आउथ्यो तल ढुंगाको खाल्टा भएको धारामा मेरो रून्चे भगाउन आमाले डोकोले छोपेर नुहाइदिनु हुँदा आफू आत्तिदै रोएको । त्यस्तै सम्झन्थें कौसीमा लागेको न्यानो घाम... थालमा कालिज तितरा आदि चराहरूका नाम राखिएका भातका गांसहरूसंग मिसिएको आमाका लामा औलाहरू र हत्केलाको गन्ध ... आमाको न्यानो छातीको गन्ध आदि । सम्झना आउथ्यो बाले आफ्नो काधंबाट मेरा खुट्टाहरू आफ्नो छातीमा झरालेर मलाई बोकेर "चेइ माक चेइ" भन्दै दौडनु भएको तथा उहांले मलाई आफ्ना घुडाहरूमा उचालेर घुगुती खेलाउनु हुंदाको आफ्नो अल्हाद तथा रोमान्च ।

घर अगाडिको ठूलो पोखरी र घण्टाघरको सम्झना हुंदा मेरो घर रानी पोखरीको आसपासमा हुनुपर्ने अड्कल गरेर गत दुई हप्तादेखि त्यस क्षेत्रमा अनेकौं चक्कर लगाउंदा पनि घर पहिल्याउन सकेकी थिइन ।

खोज्दाको थकाइले गर्दा इच्छा हुन्थ्यो सडकमा उभिएर सबलाई सुनाउदै कराउने "कृपया बताइदिनुहोस् म को हु" । पछि कुन भाषामा कराउने भन्ने कुराले हांसो उठ्दथ्यो । अनुहार लिबास तथा हिन्दीका केहि शब्दहरूको अशुद्ध उच्चारणले गर्दा आफ्नै जन्मभूमीमा म सबकालागि मेम साहेब भएकी थिए ।

यो वर्ष लोग्ने र छोराहरूलाई छकाएर यहाँ आउने अनेकौं वर्ष पुरानो इच्छा पुरा गरेकी थिएं । आफूलाई सदैव पिरल्ने प्रश्न उत्तर बिना वेलायत फर्कने कुराले मन खिन्न हुन्थ्यो ।

होटलको झ्यालबाट पहाडहरूको सौन्दर्य तथा यहांका मन्दिर तथा बिहारहरू हेर्दा मेरो जन्मभूमि कति सुन्दर थियो भन्ने गर्व लाग्दथ्यो । डोको खर्पन पूजा सामान आदि बोकेर हिड्ने आफ्नै उमेरका नारीहरूलाई हेर्दा विचार गर्दथे कि यहाँ बसेकी भए म पनि उनीहरू मध्ये एक हुने थिए । तर कुन हुने थिएं भन्ने प्रश्नको उत्तर थिएन ।

साँझ नयां सडकमा हिंडिरहेको समयमा एकजना साठी वर्ष जतिकी महिलाले अगाडी लम्किदै बारम्बार फर्केर मलाई हेरेकी देखेर सशंकित हुंदै मैले आफ्नै हिन्दीमा भनेकी थिएं "म माथि चाख देखाउनु भएको जस्तो छ ।"

उनले अनुहार रातो बनाएर लज्जित देखिदै अंग्रेजीमा भनेकी थिइन् "माफ गर्नुहोस् । तपाईको अनुहारले आफ्नो नजिकैको मानिसको संझना गराएकोले विवश भएर त्यसरी हेर्न पुगेकी हुं ।"

अपार हर्षले मेरो मुटुको ढुकढुकी बढेको थियो । सम्भवत म आफ्नो समस्याको निदानको नजिकै थिएं ।

मैले आफूलाई यथासक्य संयमित गराउंदै भनेकी थिएं । "हिंडनुहोस् कतै नजिकैको रेष्टुरांमा एकैछिन कुरा गरौं ।"

उनले अकमकाउंदै भनेकी थिइन् "हेर्नुहोस् न मेरा हातका यी गहुंगा झोलाहरू । तपाई कहाँ बस्नुभएको छ "

"होटल अन्नपूर्ण ।"

"बरू हिडनुहोस् मेरो घर । पछि म आफै तपाईलाई मोटरमा होटल लग्नेछु ।"

बसन्तपुरमा पार्क गरेको मोटरमा उनले मलाई आफ्नो छेउमा बस्न लगाएकी थिइन । मृदु मुस्कानका साथ बीच बीचमा मलाई हेर्दै उनी चुपचाप मोटर हांकिरहेकी थिइन् ।

नक्सालमा उनको घर पुगेपछि मलाई बैठकको सोफामा राखेर सोधेकी थिइन् "चिया खानुहुन्छ कि कफी ?"

मलाइ एक्लै छाडेर उनी भित्र गएकी थिइन् । परिचारिकाले चिया र केकहरू अगाडि राखिदिएकी थिइन् । कौतूहलले म भित्रभित्र छटपटाएकी थिएं ।

उनी लुगा फेरेर फ्रेम हालेको एउटा तस्वीर दाहिने हातमा लिएर आएकी थिइन् । उनले हांस्दै मलाई तस्वीर दिएर भनेकी थिइन् "यो रामरी हेर्नुहोस् त ।"

आफ्नो उत्तेजना वर्णन गर्ने ममा क्षमता छैन । मलाई त्यो "मेरै तस्वीर थियो" भनेर चित्कार गर्ने इच्छा भएको थियो । बीचमा सिउंधो चिरेर कपालका पत्ताहरू कांटाहरूले नियन्त्रित गरिएको, घांटीमा पोते, कानमा टप, नाकमा फूली, चौबन्दी चोलो, फूलबुट्टे सारी तथा मृदु मुस्कान ।

मैले आंशु थाम्ने बल गर्दै कम्पित स्वरमा सोधेकी थिए "भन्नुहोस् न को हुन यिनी ?" उनले रूद्ध कण्ठले भनेकी थिइन् "अघि निर्लज्ज भएर मैले बारम्बार तपाईलाई हेर्नाको कारण ..... यिनी मेरी स्वर्गवासी एक मात्र दिदी हुन् । भन्नुहोस् त ठ्याक्कै तपाई की अनुहार की छैनन् त ? बिचरीकी एउटी छोरी मात्र थिइन् । शायद अब छोरी पनि संसारमा छैनन् ।"

मैले हर्षित भएर सोधेकी थिएं "त्यस छोरीको नाम शकुन्तला त थिएन ?"

उनले आश्चर्य मान्दै सोधेकी थिइन "त्यही नै त थियो उनको नाम । तपाईले कसरी थाहापाउनु भयो ?"

"म त्यही शकुन्तला हुं ।"

महिलाले मलाई अगालो हालेर मेरो गालामा अनेकौ चुम्बन गरेर धुक्क धुक्क रूदै भनेकी थिइन् "दयालु भागवनले तिम्रो रक्षा गरेछन् शकुन्तला ।"

मैले सानिमालाई आफ्नो बृतान्त सुनाएकी थिएं । कान्छी आमा । भनेर बारम्बार दौडेर सारीको सप्को समाउदा पनि चिमटेर मेरो हात छुटाएर कसरी मलाई दिल्लीको चांदनी चोकको भीडमा छलेर उनी भागेकी थिइन् । पुलिसले मलाई अनाथालयमा सुम्पिदिएको थियो । त्यसको दुई वर्षपछि भारतीय रेलमा गार्डको कामगर्ने निसन्तान एंगलोइन्डियन दम्पति रबर्ट र जुलिया फाउलरले मलाई कानूनी धर्मपुत्री बनाउनु भएको थियो । मैले दिल्लीको जेसस एण्ड मेरी कन्भेन्टबाट सिनियर क्याम्ब्रिज पास गरे पछि मेरो बा बेलायतमा उही पदमा सरुवा हुनु भएको थियो । हामी सपरिवार बेलायत सरेका थियौं । म महिला विशेषज्ञ डाक्टर भएपछि मेरो शिशु विशेषज्ञ अंग्रेजसंग बिवाह भएको थियो । दुईजना छोराहरू स्कूलमा पढिरहेका थिए । मेरा बा आमा अवकाश पाएकोले गांउमा खेती गरेर बस्नु भएको थियो । मेरो परिवार भने लण्डनमा नै थियो ।

सब सुनेपछि सानीमाले भन्नु भएको थियो "तिम्री कान्छी आमा त्यति पापिनी होली भन्ने मैले कहिल्यै कल्पनासम्म पनि गरेकी थिइन । यहां त गोरखापत्रमा तिमी हरायौ रफेलापर्नेलाई ठूलो पुरस्कार दिइनेछ भन्ने विज्ञापन छपाएका थिए ।

तिम्रो बा काठमाडौंको प्रतिष्ठित व्यापारी हुनुहुन्थ्यो । रानी पोखरी नजिकैको ठूलो घर कम्पाउण्डमा आफ्नो एक मात्र भाइसंग सगोलमा बस्नुभएको थियो । केही वर्ष अघि तिम्रो काका त्यो घर बेचेर महाराजगन्जमा सरिसकेका छन् । अब त त्यहां नयां अनेकौ घरहरू बनिसकेको हुदा तिमीले आफ्नो पुरानो घर पहिल्याउन नसकेकी हौ ।

अठ्ठाइस वर्ष अघि पांच वर्षकी तिमीलाई घरमा छाडेर कामको सिलसिलामा दिदी भिनाजु बिराटनगर जानु भएको थियो । उहांहरू फर्कनु भएन । उहांहरूको जीप टिस्टुडमा दुर्घटनाग्रस्त भएको थियो । दिदी भिनाजु ड्राइभर सहित ठहरै हुनुभएछ, त्यसको एक वर्ष पछि तिमी हराएको विज्ञापन निस्केको थियो । तिम्रो दायित्वबाट पन्छिन तिम्री काकीले त्यत्रो पाप..... गरिछन् ।

सानिमाले मलाई होटल फर्कन दिनुभएको थिएन । दुई हप्तासम्म भाइ बुहारी तथा भदाभदैले भरिएको परिवारमा हर्षित भएर बसेकी थिएं । सानिमाले जति कर गर्नु भएपनि म कान्छा बाको घर गएकी थिइन । मलाई कान्छी आमा प्रति सहानुभूति थियो । बिचार गरेकी थिएं कि म माथि गरेको अन्यायको तापले दग्ध हुदै उनी कति दुःखी जीवन बिताइरहेकी होलिन । म उनको हृदयको घाउमा गएर नुन छर्कन चाहान्नथे । मेरोलागि अपार सन्तोषको कुरा थियो कि मैले आफ्नो मूल माइत फेला पारेकी थिएं । बेलायत फर्कदा दुईजना भाइ र बुहारीहरू एकजना बहिनी र जुवाई तथा उनीहरूका साना केटाकेटीहरूका साथ सानो बा र सानिमा हवाई अड्डामा बिदा गर्न आउनु भएको थियो ।

❀ ❀ ❀

MAN IS BORN FREE AND AVERY WHERE HE IS IN CHAIN

- J.J.ROUSSEAV

विजया दशमी २०५७ को

पुनीत उपलक्ष्यमा

हाम्रा समस्त ग्राहकवर्गहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

कन्टेम्पो वेयर प्रा. लि.

खनार-४, सुनसरी, को.अ.नेपाल

फोन नं. ०२५-८०७०६ फ्याक्स नं. ०२५-८०५०६

पो.ब. नं. ३२६३

कविता

बगरमा रहे जस्तै प्रेम

- नीर सेरमा

(१)

बगरमा निकालिएको जस्तै मेरो प्रेम
अहिल्ये छटपटिरेछ - पीडा ग्रस्त माछा भएर
तरपनि मरेर बाँचेका छन् ।
त्यसैले हेरिदिनु बरू तिमीले
यौटा चीहानलाई
त्यहाँ शान्त हावा बहीरहेको हुन्छ
सुनिदिनु चीहानको आवजहरू
अहर्नीश अतृप्त आत्मा रूवेको ।
त्यहिँ चीहानमाथि साझँपख
कागले बिलौनाहरू पोखेर जान्छन्
त्यहिँ कतै दुई थोपा आँशु झारेर जान्छन् ।
सायद त्यसैले चीहानमाथि मायाहरू
ल्याउ जस्तै गाडा हरीयो भएर रहेको छ
कहिल्ये कहिँ यही चीहानघारी डाँडामा
मायालु अनुहार तर नीष्प्राण लाश ल्याएर
मलामीहरूले मृतकको गुण-अवगुण भनिरास्छन्
यत्रो चीहानबाट स्मृति पल्टाउँछन्
लाश दफन गरिसकेर मलामीहरू फिर्छन् ।
यत्रो/पुरानो तर प्रतिक्षुक चीहान
अन्धकारमा टाढाका घुमौरो बाटोहरू हेर्दै
त्यहाँ मोटरको हेड लाईट झलाक-झिलिक गर्दा
प्रेम आयो कि भनेर विह्वल भई
चिच्याएर 'प्रेम ! मेरो प्रेम !!' भनि पठाँउछ
तर प्रेम नपाएर भ्रममात्र हुँदा
चिसीएर अन्धकारमा रुईदिन्छ
नपत्याए चीहानलाई छामेर हेर्नु
हरेक बिहान नीथुक्क भिजेको आँखा
सुस्तरि सूर्यले पुछिदिँदै गरेको हुन्छ ।

(२)

मलाई थाहा थिएन प्रेमलाई घरबाट निकालिएको कुरा
मेरो प्रेमलाई चीथोरिएको कुरा-सुन्दरताहरूमा
बलात्कार र वेश्या बनाईएको कुराहरू ।
विवशीत प्रेम
कतिकति रुँदै हिँडेको थियो
उसैलाई उपेक्षाको बिषालु काँडाले घोचथ्यो ।
झरि-बादलहरूमा भिज्दै
कति उष्ण घामहरूमा पोलिदै
चीहानले प्रेम पर्खेको पनि धेरै भयो ।
सायद तिमीले चीहान वरिपरि
पलाएका जंगली झारहरूमात्र देखेको होला
नियालेर एकपल्ट हेर -
थुप्रै सुवासयुक्त फूलहरूपनि फूलेका छन्
प्रेमका मर्महरू छेवैको झरनाले सुसाईदिन्छ
पन्छीहरूको मीठो विहङ्गममा प्रणय अलाप सुनिन्छ
विलापहरू सुनिन्छ ।
चीहानको पर्खाइहरूमा
प्रेमको नैराश्यहरूमा कठोर छन् -
दुङ्गाको देवता जस्तै मान्छेहरू .....मान्छेहरू ।
कोहिबेला मनमा संन्त्रास जन्माउने गरि
धमीलो साँझहरूमा लाटोकोसेरो कराउँछ
विरक्त लाग्दो गरि ।
रातको दोस्रो पहरमा त्यहिँ रूखको ठुटोमा
मलामी चरी रुन्छिन् ।
मलामी चरीको रोदन सुनेर चीहान
प्रेम आयो कि भनेर झस्कन्छ
नपाउँदा निराश भएर चुपचाप
के-के सोंच्दै रुइरहन्छ ।

(३)

प्रेम आगहरूमाझ पनि टुसाएर पलाएको थियो
फूलेर कल्नलाई तरखर गर्दा
हठात् बतास आएर
दयासम्म नगरि
छताछुल्ल/भताभुङ्ग बनायो प्रेमलाई ।
बतासका बेगहरू थामेनन् -
कोमल प्रेमका बदनले ।
घायल प्रेम !
त्यसैले हिजोआज बेघर छन्

निरन्तर रुँदै यता-कता हिंड्छन् ।
चीहान र प्रेमका मिलन हुने सपनाहरू
तपनामात्र भए
विपना भएनन् ।
प्रेमको निम्ति मृगतृष्णा भए चीहान पाउन
मरीचिका भए चीहानको निम्ति प्रेम
त्यसैले चीहान धेरैपल्ट झुक्किएको छ
र पनि चीहानले अझ प्रेम पर्खिरहेछ -
सिरेटोमा काम्दै/बतास सहँदै
घाममा पोलिदै भएपनि ।

(४)

सबैले बदनाम गरे प्रेमलाई
बदनामभित्र पनि प्रेम चम्किरहेछ
जसरि आगोले जलाउँदा सुन चम्किन्छ ।
सबैले उपेक्षा गरे चीहानलाई
कहिल्ये सुगन्धित् धूपहरू बालेनन्
कहिल्ये फूलहरू चढाएनन्
चीहानमा/चीहानमाथि ।
शान्ति प्राप्त गर्ने मन्दिरभन्दा पनि
यथार्थमा चीहान धेरै शान्त स्थान भएर रहेको छ ।
अब हामी मिलेर -
चीहान र प्रेमका विलौनाहरू सुनेर
मिलन गराउँ
त्यो खुशी नै हामी जमैको हो
त्यो संसार नै हामी सबैको हो ।

दार्जीलिङ

❁ ❁ ❁

सुन्दर साहित्य राष्ट्रको श्रीश्रृंगार हो ।
तसर्थ: साहित्य, स्रष्टा, कवि,
लेखकहरूलाई
हृदय खोलेर सम्मान गरौं ।

डा. बलराम गौतम
(प्रमुख) तथा
सिद्धार्थनगर नगरपालिका परिवार

कथा

बूढो र बूढो भैंसी

- मुगल नारायण बसेल

"लौन नि ! दुहुनो भैंसीलाई ल्याएको कमलो घाँस यो पित् डाम्नोलाई के सुद्धि हराएर हालिदिएको होला ।" भन्दै बुहारी गोठबाट कुर्लन लागेको पिंडीमा बसेको बूढोले सुन्यो । "हैन यो बूढो जेमराजको के मूत खानलाई हलिदिएको होला यो घाँस ? दूध खानलाई त दुहुनोलाई पो हालिदिनु पर्ने । आफूलाई एकभारी घाँस ल्याउनलाई कत्रो सकस छ । पिंडीमा बसी-बसी खान टकिनेलाई के थाहा ! चाहिने काम गर्न हातगोडा लाग्ने हैन, अर्काले सास्ती पाई पाई ल्याएको घाँस यो झाँकीले खाने डाम्नोलाई टकार्दिन कति जाँगर चलेको हो ?" कर्कश स्वरमा उ फतफताउँदै गई । "बुढो ससुरोको चाकरी मैलेनै गर्नुपर्ने, बूढो डिंगो मैले नै हेर्नुपर्ने, कस्तो फुटेको कर्म रै छ मेरो ?" चर्को स्वरमा उसले फलाकी । यस्तो बेला केही बोल्नु आगोमा घ्यू थपे सरह हुने भएकाले बूढो मौन रह्यो ।

"ए ब्वारी किन एक्लै कराइरहेकी छौ ?" तल्लाघरे जेठा बाजेले एउटा हातले हुँक्का र अर्को हातले नली अड्याउँदै मास्तिर टाउको फर्काएर सोधे । उसले संपूर्ण बृतान्त हातले हाउभाउ लगाउँदै सुनाइ र उनलाई आफ्नो पक्षमा पार्न भनी - "तपाई देउता जस्ता ससुराको सेवा गर्न पाएकी भए मत आफूलाई भाग्यमानी संझन्थें । तपाइले हरेक कुरा कति विचार पुऱ्याएर गर्नु हुन्छ, हो कि हैन ?"

गाउँतिर गएको छोरो फर्केर आयो र घरभित्र पस्यो । बूढाले पिंडीबाटै आफ्नो पोल लगाइदैछ भन्ने थाहा पायो । कमजोर श्रवण शक्तिभएकोले सबै कुरा नसुने पनि धेरै जसो कुरा उसले सुन्यो ।" आज तपाइको बाले .....। तपाईको बालाई राम्री संझाउनोस् है । मैले केही भने अर्घेलो भइहाल्छ । .....। जति चाकरी गरेपनि जस केही मिल्ने होइन । उल्टै ब्वारीले सहिन भन्ने बयान गाउँ भरी फिजिन्छ ।" छोरोले संझाउने कोशिश गर्दै भन्यो -"भैंगो स-साना कुरामा रडाको नमच्याउन, डाँडाको जुन भै सकेकालाई किन धेरै रेख लगाउनु ।"

"अँ आफूलाई सात गाउँ डुल्दा फूर्सत हुने होईन । चूलो-चौको घाँस-पात सबै मेरो थाप्लोमा छ । अझ त्यसमाथि यस्ता अत्याचार पनि मैले नै सहनुपर्ने ? यस्तो सहेर बसे त सात बाउकी छोरी । छट्ट उठेर माइत जान्छु । मेरो माइतीले मलाई पाल्न नसकेर यहाँ दिएका हुन र ?" बुहारी कड्की छोरो बाहिर निस्क्यो ।

"ए बा ।"

"हँ ।"

"तँपाई डिंगा-बाछाको सुर्ता नगर्नुहोस् न ।"

"हैन, त्यो माउ भैंसीले सुकेको नल चबाउन सकेन, पेट खोपो जस्तो भैसक्यो । खरो भएर मर्ला भनेर अलिकता हरियो घाँस हालिदिएको हूँ ।" बूढोले खोक्तै भन्यो ।

"भोक लागेपछि नखाएर सुख पाउँछ ? खाएन भन्दैमा लैनोको सुसार त्यसले कहाँ पाउँछ ? न दूध देला भन्ने आश न केही ?" "आफ्नो उमेरमा त दिएकै थियो नि । त्यसैलाई दुहेर यो घर बनाएको र खोला पारिको खेत किनेको हैन ?"

"त्यति बेला हामीले यसको सुसार राम्रै गरेका पनि त थियौं नि । उहिलेको कुरा संझेर अहिले यसलाई उस्तै स्याहार गर्न कहाँ सकिन्छ र ? केही फाइदाको आशा नभएको भए किन पालिन्थ्यो र ? सेवा, धर्म र उपकार गर्न पाल्ने भए त बाँदर, सर्प र स्याल जस्ता जन्तु ल्याएर पाले पनि हुन्थ्यो नि । पापको डरले बाघले मासु खान छाड्यो भने त्यो कसरी बाँच्ला ? हामीले पनि धर्मात्मा हुन लैनो र यो खैजडीलाई एउटै सुसार गऱ्यौं भने हाम्रो भलो होला त ? छोराले तर्क गऱ्यो । बूढोले बहस गर्नुको कुनै औचित्य देखेन र शून्यतातिर दृष्टि एकोहोऱ्यायो ।

अर्को दिन छोराले भन्यो-"बा, बूढो भैंसीको ग्राहक पाइयो ।""काट्न दिने ?" बूढोले विस्मित हुँदै सोध्यो । "लगेपछि काटुन् बा पालुन, हामीलाई के चासो भयो र ? हामीले काट्न लैजाओ भनेका छैनौं क्यार ।" बेवास्ताको साथ छोराले भन्यो । म बूढोको पनि मासु खान हुने भएं मलाई पनि मान्छेले काट्थे होलान्" बिषादपूर्ण आवाज बूढोको गलाबाट निस्क्यो । छोराले वार्तालाप अगाडि बढाउन उचित देखेन र त्यहाँबाट हिंड्यो ।

केही बेरपछि ग्राहक आए । पूर्व निर्धारित मोल बुझाएपछि उनीहरूले भैंसी फुकाए । वृद्ध भैंसीले मुन्टो फर्काएर आफूले १९-२० वर्ष बिताएको भकारोलाई हेऱ्यो । भैंसीको आँखाभरी याचना देख्यो बूढोले । दया र करुणाको भिक्षा मागे जस्तो लाग्यो उसलाई बूढोको सामुन्ने पुगेपछि भैंसी टक्क अडियो र पाइला सार्न मानेन शायद उसले बूढोको 'जा' भन्ने आदेश र बिदाइ पर्खिरहेको थियो । तर बूढोले ती दीनता विवशता र निरीहता बोकेका आँखाको सामना गर्न सकेन र बिवश भएर दुई घुँडाको बिचमा टाउको लुकायो । क्रेताहरूले भैंसीलाई घिच्याउँदै लगे । केही बेरपछि बूढाले मुन्टो उठाएर हेऱ्यो । भैंसी दृष्य पटलबाट ओझेल भैसकेको थियो ।

सन्धिखर्क-५, अर्घाखाँची

❋ ❋ ❋

संकट पर्दछ मानिसलाई ढुंगालाई के पर्छ
असिनालाई फूलवारी कै फूलहरू पहिले झार्छ ।

- सिद्धिचरण श्रेष्ठ

विजया दशमी २०५७ को
पुनीत उपलक्ष्यमा हाम्रा
समस्त ग्राहकवर्गहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

बिन्दवासीनी गार्मेन्ट ई.
वानेश्वर
काठमाण्डौं ।

कविता

मान्छे भएपछि भोग्नुपर्छ

- मोहन दुवाल

असत्य/सत्य
अन्याय/न्याय
तिरस्कार/माया
स्वार्थ/समर्पण
रोदन/हाँसो
कमहरू
भोग्न गान्हो

सन्दर्भहरू
बुझ्न गान्हो
मान्छेकै यस्तै
नियति देखेर
घाँम उज्यालो
ओंठमा बोकेर
मस्किदिन्छ

♀

हुँदैन/हुन्छ
होईन/हो
गर्दैन/गर्छ
मान्छेको सार्वभौम प्रयोग
मान्छेले नै बुझ्न नसकेर
हैरान...हैरान छन् मान्छेहरू

♀

घृणा/माया
दुःख/सुखे
अँध्यारो/उज्यालो
बेनियम/नियम
नराम्रो/राम्रो
परिभाषाहरू
पढ्न गान्हा

संकेतहरू
खप्न गान्हो
मान्छेकै यस्तै
जीवन देखेर
नदी छालहरूका
कंचनतासंग बहिदिन्छ ।

♀

काँढाको झ्याङ्गमा
फूलेको गुलावले झैं
भमराको भुनभुनमा
मुस्काइदिनु पर्छ
हामी पनि रमिरहनु पर्छ
रम्न दिनुपर्छ/रम्नसिक्नुपर्छ
भोग्न दिनुपर्छ/भोग्न जान्नुपर्छ
धरतीमा आएपछि भोग्नुपर्छ ।

♀

यदि तिमीले स्वर्ग र नरक देखेका छैनौं भने यो कुरा संझी राख कि उद्योग स्वर्ग र आलस्य नर्क हो ।

- जाय

विजया दशमी २०५७ को
पुनीत उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्गहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सिरिन गार्मेन्ट ई. प्रा. लि
डिल्लीवजार, काठमाण्डौ
फोन नं. ४१६४२३ फ्याक्स नं. ४११६०३

Hearty Greetings
On The
Auspicious Occasion Of
Happy
VIJAYA DASHAMI
Binita Fashion
Baneshwor, Kathmandu.

संस्मरण

मान्छे छि देउता ।

- फणीन्द्रराज खेताला

१. कुरो वि.सं.२००० साल तिरको हो महिना साउन गठेमङ्गल भन्दा दुई दिन अघि, तीन दिन पहिले मेरो पिता लखनौ तिरबाट आइपुग्नु भएको थियो, त्यो दिन बेलुकि बाहिरबाट घर भित्रिएपछि मेरो कोठामा आउनु भयो र भन्नुभयो 'पर्सि अर्थात् गठेमङ्गलको दिन तैले एउटा जरूरी काम लिएर कैलाली, धनगढी र भलवारा जानुपर्‍यो ।' । म छक्क परेर एक पटक पिताजीको मुखतिर हेरें । उहाँले पुनः भन्नुभयो 'म साँच्चै भन्दैछु । .....बाबु साहेबको काम नगरिकन भएन । म भर्खरै हिजो आइपुगें । थाकेको छु । लखनौमा .....लाई पत्र लेखिदिन्छु । उनीले सबै बन्दोबस्त मिलाइदिने छन् । भोलि राहदानी र भरिया ठीक गर र पर्सि सबेरै हिँडिहाल । इस्टमित्रको काम, मौकामा गुन लाउने ।' मैले भनें यस्तो बर्सातको बेला, यो पनि गठेमङ्गलको दिन, आमाले जानुदिनु हुन्छ र ? यो मेरो 'जान नपरेहुन्थ्यो' भन्ने आशाको झिनो त्यान्द्रो थियो, जसलाई उहाँको बज्र सदृश तर्कले काट्यो । 'जरूरी काम परेका बेला साइत, दिन, बार तिथि हेरिदैन । अैले त्यस्तै अवस्था छ । दश दिनभित्र एउटा कागत 'जग्गा सम्बन्धी' आइपुगेन भने बिचराले ठूलो हानी भोग्नु पर्ने हुन्छ । कि म, कि तँ जानुपर्‍यो ।' यो तर्कलाई काट्ने शाब्दिक तर्क मसंग थिएन । म उन्नाईस बर्षको थिएँ । क्रय विक्रयको हिसाब किताब बुझ्ने भैसकेको थिएँ । दुई-तीन पटक लखनौ र एक वर्ष अधिमात्र जाडोमा कैलाली- धनगढी पुगिसकेकोले कुनै अप्ठ्यारो त थिएन, तर वर्षात्को कारण अलि झिँजो भने लाग्दैथियो । पिताको आज्ञा र तर्कको अगाडि केही नचल्ने देखेपछि स्वीकृति दिनै पर्‍यो र जाने निश्चय पनि आफूले गरें । आमाले केही बिरोध गनुहोला र बचिएला भन्ने लागेको थियो तर केही भएन त्यस्तो । जानै पर्‍यो ।

२. मिति चाहिँ थाहाभएन, तिथि त चतुर्दशी, गठेमङ्गल नै भयो । बिहान तीन बजे नै म उठाइएँ । नित्यकर्म र नुहाइ धुवाइ सकेपछि चार बजेतिर सिमसिम पानी परिरहेपनि हिंड्नै पर्‍यो । भरियालाई भारी (सुट्केस र गुण्टा, जुन त्यतिबेला परदेश लाग्दा साथ लानु आवश्यक थियो) बोकाए । उ संग घूम थियो । आमाले दही अक्षताको टीका र माला लाइदिनु भो, यो पनि त्यो बेलाको एउटा साइतको चलन थियो । म छाता ओडेर घरबाट निस्किएँ, तोप (त्यो बेला 'कर्फ्यू' रातभरि लाग्दथ्यो । सुरुमा र अन्त्यमा तोप हान्ने चलन थियो ।) चलेको धाहा भएन, बाटामा रमनले भेट्ने शंका थियो, तर कतैपनि भेट भएन । हतार हतार हिंडदापनि ठिक्क डाँक, जुन ब्रिटिस लिगेसनको एक्सचेञ्ज हुलाकबाट डाँक लिई थानकोटसम्म पुग्यो आइ पुग्यो । एक-एक रूपियाँमा थानकोट पुगिने, अवस्था हेरी सजिलैपनि थियो । बर्षात्को बेला, अलि खाँदा खाँद नै भयो । जसो तसो छ बजेतिर हामी थानकोट पुग्यौं । चिया पसलमा गएर हलुका खाजा र चिया खाई हामी उकालो लाग्यौं । कतै रूझ्दै भिझ्दै र कतै चिप्लदै झण्डै एघार बजेतिर हामी कुलेखानी पुग्यौं । होटेलमा भात खाई केहि बेर आराम गरेर निगालेको उकालो चढी तीन बजे चिसापानी गढी र त्यहाँबाट साढे चार बजे भीमफेदी पुग्यौं । भोलि नभै म त्यहाँबाट जाने कुरा थिएन । त्यसैले भरियालाई बिदा दी एउटा पसलमा बास बसें ।

३. मेरो दिनभरिको साथी तारेभीर निवासी साईंला तामाङ् (भरिया) बिदा भयो, त्यहाँ पनि बाहुनले पकाएको भात खान पाइने होटेल रहेछ । धोती फेरी (जुन त्यो बेला जात राख्न फेर्नु पर्ने चलन थियो । अर्थात् खासगरी भात खान) होटेलमा पुगेर बेलुकिको भात खाएँ । अब रातभर एक्लो, गोडा दुखेका थिए । छाता भएतापनि शरीर र लुगा कतै कतै भिजेकै थिए । आलस्यले ढाक्यो, धोतीमै गञ्जी मात्रलाई ओछ्यान पसारेर सुतें । तर निद्रा लागेन, ज्यादा थकाइले होला । मनमा कुरा खेल्न लागे । त्यो बेला म चुरोट खान्थें । चुरोट साधारणनै हुन्थे । फूलमार र मोटर । सलाई कोरेर चुरोट सल्काएँ । नजिकै टुकी बलिरहेको थियो । म दिनभरको साथी साईंला तामाङको कुरा सम्झन लागें । उ भन्थ्यो 'बाजे, तपाइँ मो र ती ठूला घार दर्बारमा बस्ने सबोई मान्छे, क्यान कोई गरीब कोही धानी ? हाम्ले क्यान दुख्ख पायो बाजे ?' म उसलाई सम्झाउन सक्दिन थें, कारण उ मेरो भाषा सम्झन सक्दैन थ्यो । त्यसैले सजिलै उपाय निकाली भनिदिएँ, 'लामा यो सबै पुर्पुरोमा लेखेको कुरा हो ।' उसले अरु केही भनेन, केवल दुई तीन चोटि 'पुर्पुरो पुर्पुरो मात्र घोक्यो । आफूले दिएको जवाफले म आफैलाई चित्त बुझेको थिएन, तर यस भन्दा बढी भन्ने कुरा नै के थियो र । १९९७ साल पर्व शुरू भएको तीन बर्ष सात महिना बितेको थियो र यसका नायक चारजना छ महिना अघि शहीद भैसकेका थिए भने धेरैजना जेल सजाय भुक्तिरहेका थिए । त्यो काण्डका धेरैसंग मेरो परिचय थियो । त्यसबेला, ती जोसँग आफ्नो परिचय आत्मियता पनि थियो । तिनलाई सम्झदै थिएँ ।

मभा सामाजिक र राजनैतिक चेतनाको उदय भैसकेको थियो । केही गर्नुपर्छ भन्ने धारणा भएर पनि किन सकिरहेको थिइन । यस्तै सोच्दा सोच्दै कुन बेला निदाएछु । बिहान कुखुरा बासेपछि ब्युझिएँ ।

४. भीमफेदीबाट केवल हलुका जलपान गरेर मैले पैलो लरी चढेको थिएँ । (त्यतिबेला नेपालभित्र नेपालीको मोटर वा बस चढ्ने भाग्योदय भएको थिएन ।) अमलेखगञ्ज पुगेपछि फेरि पानी पर्न लाग्यो । एउटा मोदीको पसलमा पसेर पेट पूजा गर्ने तरखरमा लागें । बेलुकी बीरगञ्ज पुगी, छपकैयाँमा कान्छा बा (पितृव्य) कहाँ बसे । राति मलाई ज्वरो आयो । रातभरि नै सुत्न सकिन । शरीर दुख्यो । भोलिपल्ट बिहान एक शय एक ज्वरो थियो । कान्छी आमाले फुइनाइन (ज्वरोको औषधी) र एक गिलास दूध दिनुभयो । बाह्रबजेसम्म ज्वरो घट्यो । बेलुकि अलिकति दूध र भात खाएँ । अर्को एकदिन त्यहीं बसेर म लखनौ तर्फ लागें ।

५. सन् १९३९ देखि थालिएको दोस्रो महायुद्ध र भारतवर्षको स्वतन्त्रता संग्राम चरममा पुग्दै थियो । यो बेला अर्थात् सन् १९४१ थियो । यस्तो बेलामा लामो छोटो जस्तो भएपनि यात्रा कष्टकर हुन्थ्यो नै । रक्सौलदेखि ढुधवासम्मको मेरो यात्रापनि त्यस्तै रह्यो । यात्रा दुई दिन दुई रातको थियो । शरीर त्यति स्वस्थ्य पनि थिएन । कता-कता शरीरमा ज्वराम्शको अनुभव हुँदै थियो । त्यसमाथि पनि चौकाघाटमा रेल अडिएपछि ज्यादै आतँ हरहर भएकोले दुईवटा माल्दइ आपँ किनेर धोइ खाइदिएँ । यसले शरीरमा गरमी बढेर उकुसमुकुस भयो । ज्वरो पनि बढेको हुन सक्छ, किनभने शरीर निकै तातो थियो । आफैसंग बेञ्चमा एकजना पञ्जाबी महाशय बसेका थिए । उनको उमेर त्यस्तै तीस-बत्तीस लाग्दथ्यो । मान्छे भलाद्मी र मिलनसार रहेछन् । सायद मेरो अवस्था उनलाई बोध भएछ । त्यसैले मसंग कुरा गर्न लागे । मेरो अनुहार पनि रातो भएको रहेछ क्यारे । उनले भनिहाले-'नेपाली तिमीलाई बुखार छ । यस्तोमा तिमी कसरी यात्रा गर्छौ ?' यात्रा जसरी भएपनि पूरा गर्नु नै थियो' । यात्रा त यात्रा नै हो छोटो होस् या लामो । फेरि जीवनको लक्ष्य नै त गन्तव्यमा पुग्ने यात्रा हो । रात भर यस्तै रह्यो । बिहान लखनौ पुगें । लखनौ मेरोलागि अपरिचित थिएन तापनि त्यो बेला किन हो त्यति परिचित लागेन । भारतका धेरै शहरहरू मध्येको एउटा ऐतिहासिक शहर । यसको इतिहाससंगै नेपालको नामपनि गाँसिएको छ । वि.सं. १९१४ (सन् १८५७) को भारतमा सुरु भएको पैलो स्वतन्त्रता संग्रामका बेला इस्ट इण्डिया कम्पनीको सरकारलाई तात्कालिन प्रधानमन्त्री जङ्गबहादुरले मद्दत दिई लखनौको नवाब वाजिद्-अलि शाहको पतन गराई उक्त स्वतन्त्रता संग्राम दबाउन खेलेको खेलसंग नेपालको नाम गाँसिएको छ र लखनौमा नेपालीले विजय हासिल गरे बापत, लखनौको सट्टा बाँके र सो पश्चिमका महाकालीसम्मको, वि.सं. १८७३ (सन् १८१६) सुगौली सन्धीमा गुमेका भू-भाग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता दिएको कुरा नेपालको इतिहासमा ज्यूँदै छ । लखनौ ऐयाशी रनवाबको शहर । यो शहरका हरेक एक्काबाल आफूलाई नबाब सम्झन्छन् । म बिहान पख चारबाग स्टेशन (जङ्क्सन) मा ओर्लिएँ । मेरो गोरखपुरदेखिका सहयात्री केशरबागमै ओर्लिएका थिए । म स्टेशनबाट निस्किएर आफ्नो सामान एक्कामा राखी श्यामबहादुर बिस्ट (मेरो पिताजीले दिएको नाम र ठेगाना) को खोजीमा हिंडे । झण्डै आधा घण्टाको प्रयासपछि उनी फेला परे । बिस्ट जी करिब चालीसका रोबिला व्यक्तित्वका धनी रहेछन् । म उनीसंगै भित्र गएँ । उनीलाई आफ्नो स्वस्थ्यको अवस्था बताई उपचारकोलागि अनुरोध गरें । उनी मेरा पिताका असल मित्र रहेछन् । चिठीबाट म उहाँको छोरो भन्ने थाहापाएपछि मसँग पुत्रवत् व्यवहार गरे । उनले भने 'बाबु आज र भोली आर ाम गर' । पर्सि बाबुसाहेबका कारिन्दा यहाँ आउने भएका छन् । उनैसँग साथलागीजानु, सजिलै हुन्छ । कुनै कुराको संकोच मान्नु पर्दैन । ठूलो बाबु (मेरा पिताको घरमा बोलाउने नाम ठूलो बाबु भएकोले आफ्ना साथी भाइले पनि उहाँलाई त्यही भन्थे । अनि हामी चाहिँ 'बा' नभनेर 'ठूल्दाजु' भन्थ्यौं ।) मेरा अति घनिष्ट र पूराना मित्र हुनुहुन्छ । उहाँको छोरा तिमी मेरालागि पनि पुत्रवत् छौ ।

६. कार्यकारणले त्यहाँ मेरो बसाइ पाँच दिनको भयो । छैठौं दिन बेलुकि अर्थात् अपरान्ह तीनबजेतिर मैले लखनौबाट प्रस्थान गरें । बिहान अँध्यारैमा दुधबा पुगी बिश्राम गरें र त्यसदिन करिब बाह्रबजे म धनगढी पुगें । मेरो साथमा गएका मानिसले मलाई एकजना भद्रभलाद्मी कहाँ पुऱ्याए । भोलीपल्ट लहडु (राँगोले तान्ने गाडा) मा प्रस्थान गऱ्यौं । बेला बेलामा परेको पानीले रुज्दै भिज्दै आफ्नो गन्तव्यमा पुग्दा थकित भैसकेकोले मलाई फेरि ज्वरो आयो । दुईदिन अरु त्यहाँ बसी सबै काम सकें । हुलाकबाट पत्र पठाई चौथो दिन प्रस्थान गरें । फर्कदा म अर्कै बाटो ल्याइएँ । डुँड जस्तो डुङ्गामा कौडियाला नदी पार गरेर बेलरायँ भन्ने स्टेशनमा मलाई छोडी पुऱ्याउन आएको मान्छे हिड्यो । त्यहाँ लाला फकिरा भन्नेको आढत (थोक व्यापारको पसल) थियो, त्यहीं मलाई बस्नु र केही गरी खर्चले नपुग भएमा उनैसंग आवश्यक पैसा लिनू भनी पिताजीले पत्र लेखि दिनु भएको थियो, तर फकिरा भने आफ्नो आढतमा

रहेनछन् । सीतापुर गएका रहेछन् । रेल भोली पल्टमात्र आउने भएकोले मैले जसरी भए पनि त्यहीं बस्नु पर्ने बाध्यता थियो । आढत बन्द थियो, त्यहीं नजीकको छाप्रोमा बसें । बर्सात्को बेला भएकोले त्यहाँ विशेष दोकानहरू थिएनन् । आफू हिड्दा बिहानको खानापछि, मुखियाकी पत्नीले चारवटा परौठा र आलुको तरकारी सालको पातको टपरी बनाई त्यसमा हाली दिएकी थिइन् । साझँतिर त्यहीं खाई ट्यूबेलबाट पानी पिएँ । अनि आएर पल्टिएँ । मलाई ज्वरो आउने लक्षण देखा पऱ्यो । एउटा बीडी सल्काई तान्न थालें । मनमा अनेक कुरा खेल्न थाले ।

७. निन्द्रा, तन्द्रामा कति बज्यो, समय बितेको थाहा भएन । किनभने मसंग घडी थिएन । मलाई भुङ्ग्रो जस्तो ज्वरो आइरहेको रहेछ र म बर्बराइरहेको रहेछु । त्यसैबेला दुई तीनजना मानिस छाप्रो भित्र पसे । ती मध्ये एकको हातमा ठूलो खालको टर्चलाइट थियो । त्यसको उज्यालो प्रकाश मतिर पऱ्यो । त्यसपछि के भयो ? मैले थाहा पाइन । बिहान ब्यूँझँदा आफूलाई अर्कै ठाँउमा पाँए । एउटी ममतामयी आमा जस्ती नारीको हातको स्पर्श मेरो निदारले पायो । आँखा चिम्लँदै हेर्दै गरें । ती नारीले गढवाली भाषामा कसैलाई बोलाइन् । एकजना प्रौढले त्यो कोठामा प्रवेश गरे । उनले पनि त्यही भाषामा केही सोधे । उनीले के भनिन् मैले बुझिन । सायद म त्यो बेला बुझ्ने अवस्थामा पनि थिइन । केवल उनले मतिर औंला देखाइ पत्नीसंग राम्रो याद बिचार गरी निको पारेर पठाउनु पर्छ भने जस्तो लाग्यो । जेहोस्, उनीहरूले पाँच दिनसम्म मेरो हेर बिचारगरे । टुटेफुटेको उनीहरूको नेपालीले हाम्रो विचारको आदान प्रदान भयो । उनी अर्थात् किशोरी बल्लभ पन्त त्यहाँका स्टेशन माष्टर थिए ।

२०५२-७-२५

(२००० भदौको संस्मरणमा केही संशोधन)

❋ ❋ ❋

विवाह, जन्मोत्सव आदि अवसरमा तपाईं के उपहार दिनु हुन्छ ? आखिर जे दिएपनि सर्वोतम त पुस्तक हो । साझा प्रकाशनका पुस्तकहरू उपहार दिने बानी बसालौं ।

साझा प्रकाशन

पुल्चोक, ललितपुर

गजल

– धीरेन्द्र मल्ल

बाँच्ने क्रममा मैले धेरै हण्डर खाएको छु
धेरै दुःख र पिडा मैले खपेको छु ।

एकदिन खान नपाउँदा तिमीलाई यस्तो भो
कति रात मैले भोक भोकै बिताएको छु ।

यो त के भो धेरै राम्रो ठाउँ पाएका छौं
कस्ता कस्ता ठाउँमा म बास बसेको छु ।

यति सानो कुरामा तिमी उद्वेलित हुन्छौं
कत्रा कत्रा जाल झेल मैले सहेको छु ।

तिम्रो कहानी त्यतिको मर्मस्पर्शी होइन
मलाई हेर म आफन्तहरूद्वारा नै ठगिएको छु ।

के भनुं खै म तिमीलाई कसरी सम्झाउँ
आफ्नै सम्पतिको लागि मैले अदालत धाएको छु ।

बिचलित हुनु हुँदैन धैर्य गर्नु पर्छ
सबैको दिन फिरेको यहाँ मैले देखेको छु ।

☆ ☆ ☆

विजया दशमी २०५३ को

पुनीत उपलक्ष्यमा

हाम्रा समस्त ग्राहकवर्गहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

एम.आई.सि.गार्मेन्ट ई.प्रा.लि.

मित्रपार्क, काठमाण्डौ

फोन नं. ४७६१८७ फ्याक्स नं. ४७१०२०

कविता

पाइन पानीकै हुदो रैछ

- दिलीप शर्मा सिटौला

त्यो विशाल निलीम चम्कने आकाशमा,
कहाँबाट अकस्मात्
बादल भरिएर गुट-मुट्टिदै आएको
चिसो हुण्डरी, जगत कम्पमान पार्दै
रूख पात उडाउँछ ।
लाखौंको उच्च शिर झुक्छ
बगैंचाका मंजुल कोपिला
असिनै असिना भै फुटाउँछ
त्यसैले लाग्यो -----
'पाइन पानीकै हुदो रैछ' !!!
व्याकुल उत्कण्ठित हृदय सान्त्वना
आक्रोशले दिएको एक दिने झरि
जगर बगर ट्याम्म ढाकी
पहाड पर्वत पल्टाउँदै लाखौं प्राणीलाई निमेषमा
आफ्नु बिकराल पेट भित्र
खर्लप्प पारेको देख्दा
अचम्म । कहाँबाट यस्तरी ओइरियो !!!
उलम्ब आकाश देखि ---
झर्छ !!
बग्छ !!
ढाक्छ !!
धरतीसम्म
पानी पानी
अनि के
चिच्याउँदै नभनौं ??
'पाइन पानीकै हुदो रैछ' !!!
रे भट्टीमा धातु गलाइन्छ
उस्लाई पिटेर कुटेर
हतियार बनाइन्छ
तर अन्त्यमा रातो पारी तताए पनि
चिसो पानीले झ्याँइय्य पार्दै
बज्र झै कठिन बनाइदो रैछ
त्यसैले -- 'पाइन पानीकै हुदो रैछ' !
पहाडी अल्लारे ठिटो भई
कुर्लिदै हाम्फाल्दा
घुमाइएको विशाल चक्काले
सृष्टि गर्छ शक्ति अपार
हजार हजार किलोवाट्
सौर शक्ति समतुल्य
चम्काउँछ
थर्काउँछ
चनाउँछ
कपाउँछ
विश्वै जगमगाउँछ
मानौं एक नवीन सूर्य
तार तारको नसामा प्रवाहित
भित्र भित्रै अन्तरित
नीरव शक्तिको विपुल पुञ्ज
हेर । कसरी आलोक छर्छ
अब पो साँचै थाहा भएछ
'पाइन पानीकै हुदो रैछ' !
त्यसैले --
यो धरती उगुल-थुगुल पार्न खोजे
पानी या नेल्सन मण्डेला झै
तेजस्वी, तेजिलो भएर हुन्न
बन तँ पानीदार
अझै पानीदार ।

लखिमपुर असम

✿ ✿ ✿

सदा सुखी बनून् सारा नीरोगी हुन् सबै जन
देखुन् मंगल साराले नहोस् दुःख कसै कन ।

- बालकृष्ण सम

कथा

निर्णयको प्रतीक्षा

- केशव थापा

शान्ती ! तिमीले पठाएको पत्र हात परेपछि आखिर मैले पनि त जवाफ लेख्नै पर्‍यो । धेरै काल भयो हामी दुई जोईपोइको बोलचाल र पत्राचार नभएको । बोलचाल त होस् पनि कसरी ? तिमी काठमाडौं शहरको आफ्नो माइतीको धौले घरमा र म पहाडको कन्दरामा भएको एउटा सानो पराले छाप्रोमा । पत्राचार त हुन सक्थ्यो तर तिमी भित्र तिम्रा बाबामहतारीको घन दौलत र सान सौगतको अभिमान थियो भने ममा पनि त आखिर लोग्ने हुनुको घमण्ड थियो । आखिरमा हामीले कि दाम्पत्यजीवनको अन्त गर्नु पर्थ्यो या हामी दुई मध्ये एकमा भएको अभिमानले निहुरिनु पर्थ्यो । तै तिमीले बुद्धि पुर्‍यायौं, यो पत्र लेखेर ।

तिम्रो र मेरो दाम्पत्य जीवनको कोठा आजका मितिबाट खुल्ला राख्ने या सदा सदाको निमित्त बन्द गर्ने काम यो मेरो पत्र प्राप्त गरेपछि तिमीले ठण्डा दिमागले गर्ने निर्णयमा भर पर्ने हुँदा, शान्ती ! पत्र अलि लामै भएता पनि म हाम्रो विवाह पूर्व र पछिको स्थितिको अलिकति चर्चा गर्न चाहन्छु, अतः पत्र लामो रहेछ भनेर त्यतिकै नच्यात ।

म लोकसेवा पास गरेर धुलिखेल कार्यालयमा नियुक्ति लिन जाँदा तिम्रो बुबा त्यहाँ कार्यालय प्रमुख हुनुहुँदो रहेछ । शुरूमा वहाँले पनि हाकिमी खाफ प्रर्दशन गर्नु भयो भने मैले चाहिं एउटा सामान्य कारिन्दाको शिष्टता र विनम्रता व्यक्त गरें । धुलिखेलको डाँडोबाट देखिने सुन्दर हिमाली दृश्य र त्यहाँ चल्ने चिसो सिर्सिरे बतासले मलाई खुबै लोभ्यायो । हरेक विहान र साँझ त्यो डाँडोमा पुग्ने मेरो नियमित कार्य नै हुन थाल्यो । तिम्रो बुबा पनि त्यहाँ बारम्बर गई रहनु हुँदो रहेछ । यस हिसाबले वहाँ र मेरो बीच निकटता बढ्न पुग्यो । संगतकै क्रममा थाहा लाग्यो वहाँलाई नेपाली साहित्यको राम्रो ज्ञान रहेछ । म पनि साहित्यको विद्यार्थी भएकोले वहाँसंग नजिकिन थालें । कार्यालय प्रमुख भएर पनि वहाँ पिउने र खेल्ने दुबै गर्नु हुन्थ्यो । निवासस्थानमा पनि वहाँ एक्लै नै हुनु हुन्थ्यो । संभवत यिनै कारण हुन् जसले गर्दा तिम्रो बुबा र म एक आर्काको निकै समिपमा पुग्यौं ।

शान्ती । धेरै नजिक भएपछि लुकाउनु पर्ने कुराहरू चाहेर पनि लुकाउन नसकिने रहेछ । मेरो व्यक्तिगत जीवनका थुप्रै कुराहरूको जनकारी बुबाले लिनु भयो । मेरो घरमा बुबा नहुनु भएको, आमाले दुःख जिलो गरेर मलाई हुर्काउनु भएको, म अविवाहिता नै रहेको यावत् कुरा वहाँले थाहा पाउनु भयो । हुन त मैले पनि वहाँको बारेमा धेरै कुरो थाहा पाएँ । एकदिन अफिसबाट बुबाले स्वयं र मलाई पोखराको निमित्त काजको व्यवस्था मिलाउनु भएछ । पोखराको बारे धेरै सुन्न पाएको तर देख्न नपाएको मलाई त यो चुकाउनै नहुने अवसर थियो । तिनताका तिमीहरू पनि आफ्नो पुर्ख्यौली घर पोखरामा नै बस्थ्यौ । धुलिखेलबाट पोखरा आखिर त्यती टाढा पनि कहाँ थियो र ? हामी मंगलवार विहान ६ बजे धुलिखेलबाट हिडेंका यात्री सोही दिन दिउँसो तीन बजे महेन्द्र पूल पुगी हाल्यौं । त्यो दिन मैले तिमीहरूको घर सकेसम्म नजान बडो प्रयत्न गरें तर बुबाले पटक्कै मान्दै मान्नु भएन र बुबाको जिद्धिको सामु मैले हार्नु पर्‍यो । म गर्‍हौं मन लिएर बुबाको पछिपछि तिमीहरूको घर तर्फ डोरिएं ।

दुई-तीन महिना बाहिर रहनु भएको बुबालाई एकाएक आफ्नै अगाडि देख्दा तिमीहरू सबैलाई खुसी लाग्नु स्वभाविक थियो । तर बुबासंगै झण्डै झण्डै आफ्नो समकालीन युवकलाई देख्दा तिमीमा संकोच र लज्जा पलाएको थियो क्यार । कौसीबाट यसो चियाएर भित्र पसेकी तिमी बुबाको स्वागतार्थ आँगनमा झरिनौ, मुमा र भाइमात्र तल ओर्लें । कौसीमा सजाएका थरिथरिका फूलका गमला, निकै जाँगर लगाएर बनाइएको बगैंचा र करेसाबारी देखाएर बुबाले भन्नु भयो, "कमल जी । यो सबै पौरख छोरी शन्ती को हो ।" "ए । हजूर, निकै परिश्रम गरेर तयार परिएको रहेछ ।" मैले प्रत्युत्तरमा यति मात्र बोलें ।" खाजा चिया गरेर पत्रिका पढ्दा पढ्दै साँझ परि नै हाल्यो ।

हुन त मेरो विहान पाचँ बजे उठ्ने बानी थियो । मोटरको यात्राले जीउमा थपेको थकाई र हाकिम साहेबको घरमा बसेको असजिलो पनाले म सदा झै आफ्नो समयमा उठ्न सकिन । आखाँबाट निद्रा त पहिले नै गायब भइसकेको थियो । अनायाश आफू सुतेको कोठामा "टक" "टक" आबाज आयो । उठेर ढोका खोलें तिमी चिया समाएर उभिइ रहेकी । तिमी फिस्स मुस्कुरायौ, मैले पनि त नमुस्कुराइ कहाँ सुख पाएँ र ? तिमी चिया समाएर धेरै बेर ढोकामा त्यसै उभिई रह्यौ । तिम्रो कोठाभित्र

ल्ले इच्छा रहेनछ भन्ने ठानेर म चिया समाउन ढोकासम्म पुगें । आफ्नो भाग चिया समाउदै मैले 'धन्यवाद' भने । तिमीले पनि 'थ्यांक यू' भन्दै पाइला भान्सातर्फ बढायौं । यिनै शब्द होइनन् त शान्ती जीवनमा हाम्रो मुखबाट एक आर्काको सामु निस्केका प्रथम शब्द ?

भोलिपल्ट कार्यालयको कामको निमित्त तिम्रो बुबा र म समयमै घरबाट निस्क्यौं । छिटो छिटो गरेर हामीले सबै काम सोही दिन सिध्यायौं । बेलुकीको खाना खाने बेलामा बुबाले आमा तर्फ देखाउदै भन्नु भयो, "कमल जी, खेतीपातीको सानो कामको निमित्त हामी भोली बिहान सखारै सिद्धार्थनगर जानु पर्ने भो । "बुबाको भनाई सिधिन नपाउंदै मैले भने, "ठीकै छ नि हजूर, म पनि भोलि नै घर तिर लाग्छु ।" "कहाँ घर लाग्नु । बल्ल बल्ल पोखरा आइ पुगेको मान्छे यहाँ हेर्नु र देख्नु पर्ने स्थान नहेरीकन कहाँ हुन्छ ? हामी तिनै दिनमा आइपुगी हाल्छौं, तपाई पनि शान्ति र कैलाशलाई साथी लिएर घुम्नु ।" बुबाको भनाइलाई आमाले पनि सहमती जनाउनु भयो । आखिर बुबा त हाकिम न हुनु हुन्थ्यो म कसरी वहाँको आज्ञाको उल्लंघन गर्न सक्थे र ?

त्यसपछि त त्यो घरमा भाइ, तिमी र म मात्र बाँकी रह्यौं । धेरै दिनसम्मको उठबस र बुबा आमाको अनुपस्थितिले गर्दा होला हामी एक आर्कामा झन झन नजिकिन पुग्यौं । फेवातालको डुङ्गा विहार, रुपाताल जाने बाटोको ठाडो उकालो, डेभिड फल्सको कहाली लाग्दो गहिराई यी सबैले हामीबीच सामिप्यता झन् थपे । ती प्रत्येक पलमा तिमीले डराए जस्तो गरेर मलाई समात्यौं । मलाई भने भाइको संकोच लाग्यो र त्यसो गर्न सकिन । यसरी र माइलै रमाइलामा मेरो पोखरा बस्ने दिनको अन्त भयो । सोमबार हामी धुलिखेल फर्कंदा मुमा र भाइभन्दा पनि बढी तिमी दुःखित भएकी थियौं । साँच्चै कस्तो अनौठो हगि शान्ती ? सात दिन अघिसम्म नचिनेको मान्छे सात दिनपछि फर्कंदा दुःख लाग्नु पर्ने । एक्ली आमालाई जीवनमा त्यती लामो समयसम्म मैले छाडेर हिडेको त्यो नै प्रथम पटक हो र आमा बाहेकको अर्को आइमाइको माया लागेको क्षण पनि त्यही हो ।

पोखराबाट फर्केको तीन महिना पछि बुबाले मलाई कार्यालयको निवासस्थानमा बोलाएर विवाहको सम्बन्धमा लामै अन्तर्वार्ता लिनु भयो र अन्तमा सोध्नु भयो, "शान्ती तपाईंलाई कस्ती लागी ?" त्यो प्रश्नको उत्तर मैले दिन सकिन तापनि म किन पोखरा लगिएछु भन्ने चाहिं स्पष्टै बुझें । उहाँले नै कुरालाई अगाडि बढाउनु भयो, "शान्ती तपाईं प्रति आकर्षित छे । उसकी आमाले सोध्दा उ तपाईसंग बिवाह गर्न राजी छे रे ।" आखिर मैले पनि त मुख खोल्नै पऱ्यो, खोलें, शान्तीलाई आपत्ती छैन भने मलाई त स्वीकार्य छ सर, तर मैले एक पटक आमाको अनुमति चाहिं लिनु पर्छ ।" "हुन्छ तपाई आफ्नो बन्दोबस्त मिलाउदै गर्नोस् ।" बुबाको आज्ञा थियो । अर्को दिन मैले बुबासग शान्तीलाई एक पटक यही झिकाएर ठाउँ देखाउन पाए हुन्थ्यो नि सर ।" भनेर प्रस्ताव राखें । बुबाले ट्रंक गर्नु भएछ । तिमीहरू पर्सिपल्ट आइपुगी हाल्यौ । बुबाले सोध्दा ठाँउ राम्रै लाग्यो भन्यौ रे । केटो त आखिर पहिल्यै मन परेको छदै थियो हैन शान्ती ?

यसरी हामी बैवाहिक जीवनमा बाँधिन पुग्यौं । अर्थात् तिम्रो आमाबुबाबाट छुटाएर तिमीप्रतिको जिम्मेवारी मैले आफ्नो थाप्लामा हालें । तिमीले पनि मेरो घर व्यवहारको आधा बोझ आफ्नो थाप्लामा हाल्ने निधो गऱ्यौ । गाँउमा शत्रु-मित्र जस्का पनि हुन्छन् त्यसैले उनीहरूको सामु टाउको झुकाउनु नपरोस् भन्ने अभिप्रायले बिवाहको प्रथम साँझमा नै मैले तिमीलाई हाम्रो ठाँउको चाल-चलन, रीति रिवाजको बारे बताएँ र तिमीले भोलिपल्टदेखि गर्न थाल्नु पर्ने न्यूनतम व्यवहारको बारेमा पनि संझाएं । आमाले मलाई हुर्काउन, बढाउन र पढाउन गर्नु भएको दुःख कष्टको पनि बेली विस्तार लगाएँ ता कि तिमीमा आमाप्रति सहानुभूति पलाओस् । आफूले सकेको र भ्याएको जति समाजकोलागि थोरै नै भए पनि केही गर्नुपर्छ भनेर मैले संझाएको थिएँ क्यार हैन ? यसरी गन्धन गर्दा गर्दै हामीले बिवाहको प्रथम रात बिताएका थियौं ।

जागिरे जीवनको अभिशापै भन्नु पर्ला शान्ति मैले चाहेर पनि हाम्रो नब दाम्पत्य जीवनको धीत मरुन्जेल रसास्वादन गर्न पाइनं । एक हप्ता तिमीसंग बिताएर म आफ्नो सरुवा भएको कार्यालय रसुवा तर्फ लागें । दुइ महिनापछि फर्कंदा थाहा पाएँ आमा र तिम्रो बीच तीक्तता बढ्दै रहेछ, एक आर्कोको बीच सौहार्द रूपमा कुराकानी नभै ठास्ठुस्स बोलचाल हुँदो रहेछ । त्यो बेला पनि मैले आमाको चित्त नदुःखाउन तिमीसंग अनुरोध गरें । मलाई थाहा थियो आमा सानोतिनो कारणले रिसाउने मानिस होइन त्यसैले वहाँसंग कुरो गरिन । भन त शान्ती ! आफ्नो भए भरको ममता खन्याएर मलाई मानिस बनाउने आमालाई बिवाहको दुई महिनापछि नै मैले केही भन्नु उचित हुन्थ्यो त ? तर आमा र तिम्रो बीचको मनोमालिन्य घट्नुको साटो झन् झन् बढ्न पुगेछ र तिमी वहाँसंग बाझेर छैठौं महिनामा माइत लागीछ्यौ । तर मलाईसम्म पनि खबर गरिनौ हगि तिमीले ? यसबाटै प्रष्ट हुन्छ तिमी कतिसम्म रिसाएर हिडेकी रहिछ्यौ ! माइत पुगेपछि त झन् के नै चाहियो र हैन ? बिना खोज खबर चार चार वर्ष बितायौ ।

पछि एक पटक भाइ कैलाशको बिवाहको निम्तो

रुले इच्छा रहेनछ भन्ने ठानेर म चिया समाउन ढोकासम्म पुगें । आफ्नो भाग चिया समाउदै मैले 'धन्यवाद' भने । तिमीले पनि 'थ्याँक यू' भन्दै पाइला भान्सातर्फ बढायौ । यिनै शब्द होइनन् त शान्ती जीवनमा हाम्रो मुखबाट एक आर्कोको सामु निस्केका प्रथम शब्द ?

भोलिपल्ट कार्यालयको कामको निमित्त तिम्रो बुबा र म समयमै घरबाट निस्क्यौं । छिटो छिटो गरेर हामीले सबै काम सोही दिन सिध्यायौं । बेलुकीको खाना खाने बेलामा बुबाले आमा तर्फ देखाउदै भन्नु भयो, "कमल जी, खेतीपातीको सानो कामको निमित्त हामी भोली बिहान सखारै सिद्धार्थनगर जानु पर्ने भो । "बुबाको भनाई सिधिन नपाउदै मैले भने, "ठीकै छ नि हजूर, म पनि भोलि नै घर तिर लाग्छु ।" "कहाँ घर लाग्नु । बल्ल बल्ल पोखरा आइ पुगेको मान्छे यहाँ हेर्नु र देख्नु पर्ने स्थान नहेरीकन कहाँ हुन्छ ? हामी तिनै दिनमा आइपुगी हाल्छौं, तपाई पनि शान्ति र कैलाशलाई साथी लिएर घुम्नु ।" बुबाको भनाइलाई आमाले पनि सहमती जनाउनु भयो । आखिर बुबा त हाकिम न हुनु हुन्थ्यो म कसरी वहाँको आज्ञाको उल्लंघन गर्न सक्थे र ?

त्यसपछि त त्यो घरमा भाइ, तिमी र म मात्र बाँकी रह्यौं । धेरै दिनसम्मको उठबस र बुबा आमाको अनुपस्थितिले गर्दा होला हामी एक आर्कामा झन झन नजिकिन पुग्यौं । फेवातालको डुङ्गा विहार, रुपाताल जाने बाटोको ठाडो उकालो, डेभिड फल्सको कहाली लाग्दो गहिराई यी सबैले हामीबीच सामिप्यता झन् थपे । ती प्रत्येक पलमा तिमीले डराए जस्तो गरेर मलाई समात्यौ । मलाई भने भाइको संकोच लाग्यो र त्यसो गर्न सकिन । यसरी र माइलै रमाइलामा मेरो पोखरा बस्ने दिनको अन्त भयो । सोमबार हामी धुलिखेल फर्कदा मुमा र भाइभन्दा पनि बढी तिमी दुःखित भएकी थियौं । साँच्चै कस्तो अनौठो हगि शान्ती ? सात दिन अघिसम्म नचिनेको मान्छे सात दिनपछि फर्कदा दुःख लाग्नु पर्ने । एक्ली आमालाई जीवनमा त्यती लामो समयसम्म मैले छाडेर हिडेको त्यो नै प्रथम पटक हो र आमा वाहेकको अर्को आइमाइको माया लागेको क्षण पनि त्यही हो ।

पोखराबाट फर्केको तीन महिना पछि बुबाले मलाई कार्यालयको निबासस्थानमा बोलाएर बिवाहको सम्बन्धमा लामै अन्तर्वार्ता लिनु भयो र अन्तमा सोध्नु भयो, "शान्ती तपाईंलाई कस्ती लागी ?" त्यो प्रश्नको उत्तर मैले दिन सकिन तापनि म किन पोखरा लगिएछु भन्ने चाहिं स्पष्टै बुझें । उहाँले नै कुरालाई अगाडि बढाउनु भयो, "शान्ती तपाईं प्रति आकर्षित छे । उसकी आमाले सोध्दा उ तपाईंसंग बिवाह गर्न राजी छे रे ।" आखिर मैले पनि त मुख खोल्नै पर्‍यो, खोलें, शान्तीलाई आपत्ती छैन भने मलाई त स्वीकार्य छ सर, तर मैले एक पटक आमाको अनुमति चाहिं लिनु पर्छ ।" "हुन्छ तपाई आफ्नो बन्दोबस्त मिलाउँदै गर्नोस् ।" बुबाको आज्ञा थियो । अर्को दिन मैले बुबासंग शान्तीलाई एक पटक यही झिकाएर ठाउं देखाउन पाए हुन्थ्यो नि सर ।" भनेर प्रस्ताव राखें । बुबाले ट्रंक गर्नु भएछ । तिमीहरू पर्सिपल्ट आइपुगी हाल्यौ । बुबाले सोध्दा ठाँउ राम्रै लाग्यो भन्यौ रे । केटो त आखिर पहिल्यै मन परेको छँदै थियो हैन शान्ती ?

यसरी हामी बैवाहिक जीवनमा बाँधिन पुग्यौं । अर्थात् तिम्रो आमाबुबाबाट छुटाएर तिमीप्रतिको जिम्मेवारी मैले आफ्नो थाप्लामा हालें । तिमीले पनि मेरो घर व्यवहारको आधा बोझ आफ्नो थाप्लामा हाल्ने निधो गर्‍यौ । गाँउमा शत्रु-मित्र जस्का पनि हुन्छन् त्यसैले उनीहरूको सामु टाउको झुकाउनु नपरोस् भन्ने अभिप्रायले बिबाहको प्रथम साँझमा नै मैले तिमीलाई हाम्रो ठाँउको चाल-चलन, रीति रिवाजको बारे बताएँ र तिमीले भोलिपल्टदेखि गर्न थाल्नु पर्ने न्यूनतम व्यवहारको बारेमा पनि संझाँए । आमाले मलाई हुर्काउन, बढाउन र पढाउन गर्नु भएको दुःख कष्टको पनि बेली विस्तार लगाएँ ता कि तिमीमा आमाप्रति सहानुभूति पलाओस् । आफूले सकेको र भ्याएको जति समाजकोलागि थोरै नै भए पनि केही गर्नुपर्छ भनेर मैले संझाएको थिएँ क्यार हैन ? यसरी गन्धन गर्दा गर्दै हामीले विवाहको प्रथम रात बिताएका थियौं ।

जागिरे जीवनको अभिशापै भन्नु पर्ला शान्ति मैले चाहेर पनि हाम्रो नव दाम्पत्य जीवनको थीत मरुन्जेल रसास्वादन गर्न पाइनं । एक हप्ता तिमीसंग बिताएर म आफ्नो सरुवा भएको कार्यालय रसुवा तर्फ लागें । दुइ महिनापछि फर्कदा थाहा पाएँ आमा र तिम्रो बीच तीक्तता बढ्दै रहेछ, एक आर्कोको बीच सौहार्द रूपमा कुराकानी नभै ठास्ठुस्स बोलचाल हुँदो रहेछ । त्यो बेला पनि मैले आमाको चित्त नदुःखाउन तिमीसंग अनुरोध गरें । मलाई थाहा थियो आमा सानोतिनो कारणले रिसाउने मानिस होइन त्यसैले बहाँसग कुरो गरिन । भन त शान्ती ! आफ्नो भए भरको ममता खन्याएर मलाई मानिस बनाउने आमालाई विवाहको दुई महिनापछि नै मैले केही भन्नु उचित हुन्थ्यो त ? तर आमा र तिम्रो बीचको मनोमालिन्य घट्नुको साटो झन् झन् बढ्न पुगेछ र तिमी बहाँसग बाझेर छैठौं महिनामा माइत लागीछ्यौ । तर मलाईसम्म पनि खबर गरिनौ हगि तिमीले ? यसबाटै पष्ट हुन्छ तिमी कतिसम्म रिसाएर हिडेकी रहिछ्यौ । माइत पुगेपछि त झन् के नै चाहियो र हैन ? बिना खोज खबर चार चार वर्ष बितायौ ।

पछि एक पटक भाइ कैलाशको विवाहको निम्तो

आयो । आमाले त मलाई जा भन्नु भएको थियो । तर मलाई भने किन किन आउन मन लागेन र आईन । घरमा भाई बुहारी भिऱ्याएपछि उसले तिमी र आमाप्रति गरेको व्यवहारले तिम्रो होश खोल्दै लगेछ, चिट्ठी पढेर मैले यही बुझे । ठीकै भो ढिले भए पनि तिमी निन्द्राबाट व्यूझ्यौ । बुहारीबाट तिमीहरूले खाजेभन्दा आधामात्र व्यवहार तिमीले यहाँ आमासग गरेकी भए हामीले यो दुर्घटना व्यहोनु पर्ने थिएन के तिमीलाई यस्तो लागेन शान्ती ?

आइमाईलाई भोगी सकेको लोग्ने मानिसलाई लामो समयसम्म त्यत्तिकै बस्नु पर्दा निकै कष्ट हुँदो रहेछ । यदाकदा त उसको धैर्यताले ठाउ छोड्न पनि खोज्दो रहेछ । संभवत लोग्ने व्यहोरी सकेकी स्त्रीलाई पनि त्यस्तै हुंदो हो । एक पटक त अति नै भएर मैले आमासंग अर्को विवाहको निमित्त अनुमति मागें तर वहाँले मान्नु भएन । थाहा छ तिमीलाइ शान्ती । त्यो बेला आमाले के भन्नु भयो ? "एउटा आइमाईको जीवन बन्धकमा लिइसके पछि उ छँदा छदै आर्की भिऱ्याउनु हुन्न । आइमाई पनि मानिस नै हुन् । उ तँसंग रिसाएकी छैन मसंग मात्र रिसाएकी हो । त्यसैले उसलाई ल्याएर बरु भिन्दै बस । "एकपटक उसको विचार लिई अनिमात्र निर्णय ली ।" हेर त मेरी आमाको छाती कति फराकिलो छ । के वहाँको दृष्टिकोण कुनै पत्रे लेखेका मै हुँ भन्ने महिलाको भन्दा कम छ र ? तर तिमी पनि त त्यही आइमाई हौ नि तर तिमीले भने चिट्ठीमा आमाको 'अ' सम्म नि लेखिनौ । धिक्कार छ तिम्रो त्यो दरिद्र सोचाइलाई ।

शान्ती । विवाह पश्चात् त उल्लेखनीय कुरो नै के रह्यो र लेखौ ? बुबा आमा र भाइलाई मेरो धेरै संझना सुनाइ देउ । बुहारीको सम्बन्धमा त के लेखौ र तिमीहरूको बोलचाल नै बन्द भए जस्तो छ । तिमी आफू पनि समयमै निर्णय लेउ अब के गरे ठीक पर्ला ? एकचोटी भूल गरीसकेकीले तिमीमा केही न केही शंकोच त अवश्य होला । यद्यपि तिमी फर्कन चाहन्छ्यौ भने हाम्रो ढोका तिम्रो निमित्त सधै खुल्ला छ । आखिर हार्ने र जित्ने कुरा केही छैन । ठीक छ तिम्रो अन्तिम निर्णय अर्को पत्रमा लेख अनि जे गर्नु परे पनि गरौला हुन्न ? त शान्ती यो पनि हाम्रो भाग्य नै ठान्नु पर्छ होइन ? अरु युवा-युवती पहिला चिट्ठी लेखेर पछि विवाह गर्छन् हामी भने पहिला विवाह गरेर पछि चिट्ठी लेख्ने नियति भोगी रहेछौं ।

उही तिम्रो कमल ।

काभ्रे, मल्पी

☆ ☆ ☆

विजया दशमी २०५७ को पुनीत उपलक्ष्यमा

हाम्रा समस्त ग्राहक वर्गहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

विशाल एपेरेल्स

हात्तीवन, ललितपुर

कविता

उज्यालो

- सुमित्रा गुरुङ्ग (पहाडी)

बिर बहादुर जसलाई जो कोहिले चिन्दैन
उ अरुण नदीको छत्रछायामा
टुकीको धिपधिपे उज्यालोमा
एउटा सानो संसार संरचना गरेथ्यो
टुक टुक हिड्ने छोरो हेरेर
उसको भविष्य जतातै कोर्दथ्यो
कहिले उसलाई डक्टर बनाउँथ्यो त
कल्पना कहिले जननेतामा ठड्याउँथ्यो
यो ठूलो भएपछि देशकोलागि केही गर्नेछ ।
उसले क्षण भरमै स-साना छाप्राहरू बनेको देख्छ
क्षण भरमै आँगन अगाडी मोटर कुदेको देख्छ
मनमनै मुस्कुराउँछ - देखिस् त पातली ।
अब हाम्रा दुःखका दिनहरू गए
कल्पनामै उसको गाउँ र देश
सर्पले काँचुली फेरै झैं सर्लक्क फेरिन्छ
उसको देश बहुदलको देश
सगरमाथा, अरुण, सुनकोशी, दुधकोशी मिलेको देश
क्षण भरमै नेपालको उचाई, सगरमाथा जत्रै देख्छ
नेपालीको तन मन धन
दुधकोशी झैं सेतो देख्छ
खोलाका बगरहरूमा टल्केको बालुवा, सुन झैं देख्छ
तर हिजो आज उ अमूक छ
बहुदलमा उही छोरो गुमाएको छ
तै पनि केही शोक थिएन
तर शोक र सन्त्रास लिएर उ बाँचेको छ
देश बाँचेको छ
नेताहरू कुर्सीको खिचातानीमा, देश च्यापिएको छ
राजा पेण्डुलम बनेको छ
कुन बाटो पछ्याउने गास, बास, कपास नदेख्ने भो
कस्तो सोचेथें कस्तो भो !
यही धिम धिपे उज्यालोभो
जीवन समाप्त हुने भो !

बालुवाटार, काठमाडौं

विजया दशमी २०५३ को
पुनीत उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्गहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

सिल्भर फाईवर टेक्सटाईल मिल्स प्रा. लि.
पो.ब.नं. ७७१ लाजिम्पाट, काठमाण्डौ
फोन नं. ४२४२१४ फ्याक्स नं. ४१९८७२

Heartly Greetings
On The
Auspicious Occasion Of
Happy
VIJAYA DASHAMI

MATARANI GARMENTS
Shantinagar, Baneshwor

यात्रा निबन्ध

श्वेत शिखरहरूतिर

- भीष्म उप्रेती

निद्रा पातलिंदै गएर जब आँखा खुल्यो भुकभुके उज्यालो खुला झ्यालबाट भित्र पस्दै थियो । आँखाहरू अरु कुराहरूलाई बास्तै नगरेर भित्र छिर्दैगरेको उज्यालोलाई पन्छाउँदै त्यही झ्यालबाट बाहिर निस्किएर आकाशतर्फ हेर्न थाले । राँझा नेपालगञ्जमा मेरा आँखाहरूले यसरी हतारिदै विहानको आकाश हेरेको आज दोस्रो दिन थियो । पहिलोदिन हिजो आँखाभरि बादल छाएको थियो आकाश हेरेपछि । आफ्नै आँसुले आफै भिजिरहेको आकाशले हिजो केवल उदासी छायाँमात्र दिएको थियो । तर आजभने त्यस्तो भएन । आकाश नीलो देखियो पहिलो दृष्टिमै । उज्यालो र मुस्काइरहेको आकाशको प्रतिक्षाले मनभित्रको सानो आकाशमा पनि त्यस्तै स्थितिलाई पोखिदियो । राजनारायणजी, राङ्गरिकजी र म तीनैजना ओछ्यान छोडेर उठ्यौं उज्यालिंदै । हात हातमा खुशीका थुङ्गाहरू थमाएर प्रभाती हावा गइसकेको थियो । हामीचाहिं त्यही थुङ्गाको महकमा सुवासित भएको भानमा परेर रमाइरहेका थियौं ।

हतार हतारमै हातमुख धुने काम सकियो । हामी आफ्ना सामानहरू मिलाएर ब्यागहरूभित्र राख्न थाल्यौं । केही पनि नछुटोस् भनेर हामी पुर्णरूपले सतर्क भइरहेका थियौं ।

घाम कलिली र सुन्दरी एउटी मुसलमानकी छोरी । साहस गरेर आज विहानैदेखि बुर्का झिकेर आएकी थिई अलिअलि लजाउँदै, अलिअलि रमाउँदै । घामको आगमनपछि आकाशको नीलोपना अझ गाढा भयो र सौन्दर्यको रङ्ग अझ थपियो । हामी हर्षको सतहबाट अझ भित्र पस्यौं ।

"आज त उडान रद्द हुँदैन होला । राङ्गरिकजीले भन्नुभयो ।

"यति सफा मौसम छ, आज भने पक्कै पुगिन्छ सिमीकोट ।" राजनारायणजीको विश्वास बोल्यो ।

"तपाईंले भनेजस्तै होस् । हिजोको दिन त्यसै खेर गयो ।" म पनि गुनगुनाएँ विस्तारै । वास्तवमा हिजो उडान रद्द भइदिंदा त्यसले स-सानो रूपमै भएपनि धेरैतिर असर पारेको थियो । हिजोको दिन बिताउन सानो सानो पहाडै बोक्नु परे जस्तै कठीन भएको थियो हामीलाई । केही सिप नलागेर सिनेमा हलभित्र पस्दा पनि दिनभारी नै भइरह्यो हिजो । सिनेमा हलभित्र पनि थकित र लाचार हामीहरूबीचमै राजनारायणजी त निदाउनु भएको थियो ।

फेरि हाम्रो योजनाका सबै कामहरू एकदिन पछि सार्न बाध्य हुनुपर्‍यो हामीले । यात्रामा एकदिनले पनि निकै ठुलो महत्व राख्छ । हामीले हिजो दिनभरि नै भोग्नुपरेको मानसिक तनावको हिसाब बेरलै छ । त्यसैले पनि आज हामी तीनैजनाको एउटै मात्र कामना के थियो भने आज सफा भइदेओस् मौसम र हामी फुल्न पाऔं आजको वातावरण र मौसमभरि ।

सबा सातबजे आफ्ना ब्यागहरू र सबै सामानहरू बोकेर हामी होटलको हिसाब किताब मिलाउन गयौं । होटलवालासँग भलाकुसारी गरिसकेपछि 'न्यू लुम्बिनी होटल' लाई त्यहाँ छोडेर रिक्साले हामीलाई गुडाउँदै लग्यो र एयरपोर्टमा पुऱ्यायो । एयरपोर्टको भीड र हल्लालाई चिर्दै हामी सिमिकोटको काउण्टरमा पुग्यौं । सामानहरू जचायौं । ट्याग लगायौं ब्यागहरूमा, बोर्डिङ्ग पास लियौं र आकाशमा कावा खाने प्रतीक्षा गर्न थाल्यौं ।

यात्रु प्रतीक्षालयमा थुप्रै मान्छेहरू थिए । कोही पत्रिका पढिरहेका, कोही रन-वेतिर आखाँलाई गुडाइरहेका र कोही एक आपसमा मसिनो स्वरमा बगिरहेका । तर कसैको पनि अनुहारमा निश्चिन्तताको उज्यालो भने पुरै खुलेको थिएन । कसैको पनि भावभंगीमा सन्तोष राम्ररी खेलीरहेको थिएन । आज भाद्र एघार गते शुक्रवार पनि के ठेगान र अझै पनि झुण्ड्याइराखेको माइकको ढ्वाङले 'सिमिकोटमा मौसम खराब भएको हुनाले आजको उडान रद्द भएको छ' भनिदिने पो हो कि । एक किसिमको पातलो त्रासले छोपिरहेको यो अवस्थाबाट सकेसम्म छिटो मुक्त हुन सबै चाहन्थे । म स्वयं पनि आफूभित्र यस्तै बेचैनी र छटपटी भोगिरहेको थिएं । आँखाहरू पत्रिकामाथि नै अड्याइरहेको भएपनि ध्यान भने रन-वेतिर नै छरिएको थियो ।

अहा ! डोल्पा गएको ट्विनअटर फर्केर आयो । यसले प्रतीक्षालयमा चहलपहल र चन्चलता थपियो । यसैबीच नौ बज्न पाँच मिनेट छंदा हामी सबै विमानभित्र पसिसकेका थियौं हर्षैहर्ष भएर, उत्साहै उत्साह भएर अथवा यात्रै यात्रा भएर । आफ्नो सिटमा बसेपछि मैले यतिन्जेलसम्मका सबै थकाइहरूलाई, सबै छटपटीहरूलाई लामो निस्वाससँगै फ्याँकिदिएं र केवल उत्सुकताभरि फुल्न थालें ।

झ्याल बाहिर हेर्दा घरहरू, बाटाहरू, रूखहरू,

जमीनहरू सबै उस्तै थिए निश्चल र आफैमा मग्न । यसैबीचमा विमान गुड्यो र हुत्तियो आकाशतिर । 'अबभने मेरो वास्तविक यात्रा शुरु भयो' मैले मनमनमा सम्झें-नेपालगञ्जसम्म त आइसकेकै हुँ नि म दुइचारपल्ट । यो चिरप्रतीक्षा त हिमालमाथि चढ्नलाई र चट्टानहरूसंग लड्नलाई हो । हिउँहरूसंग खेल्न र अनुभूतिमा परलेर हिमनदी बग्नलाई हो । चिसो हावासंग स्पर्शित हुन र याक र शेर्पाहरूको जीवन हेर्नलाई हो ।

झलमल्ल घाम लागेको थियो । माथि हेर्दा नीलो आकाश थियो र तलतिर हरियो जमीन । बीचमा विमान उडिरहेको थियो । अघिपछि सेता भुवादार बादलहरू । चक्का चक्का परेका बादलहरू । थुप्रो थुप्रो लागेका बादलहरू । उभिइरहेका र दौडिरहेका बादलहरू । म अनुभूतिहरूमा कतै नीलो नीलो, कतै हरियो हरियो रकतै सेतै सेतो । म उल्लासमा गतिवान् । म उत्साहमा उज्यालो । बगिरहेको थिएं डाँडा डाँडामा, फाँटमा, थुम्काहरूमा, रूखविरुवाका पातमा, बादलमा र आकाशको गाढा नीलो रङमा । अहो ! बादलले जमीनमाथि पारेको छाँया पनि बादलसंगै दौडदो रहेछ ।

मलाई डायरीमा के लेखुं के लेखुं जस्तो भयो । मैले यसो तल्तिर हेरें र लेखें - 'सेता खोलाहरू बाटाहरू जस्तै र बाटाहरू चाहिं सर्पहरूजस्तै लाग्दा रहेछन् । कहिलेकाहींको यो भ्रम पनि कति मीठो ।'

अहिले म पहाडहरूमाथि थिएं । स-साना ढिस्काहरू पो बन्दारहेछन् अग्ला अग्ला पहाडहरू पनि । उचाइ पनि कहिलेकाही खुम्चिदो रहेछ आफैभरि । छि ! फेरि कति नमिलेका नि यिनीहरू । कहिलेकाही रहर गरेर म आफैले बनाएका पोट्रेटहरू जस्तो- एउटाको अनुहार बनाउँदा अर्कै हुने । मसिनो हाँसो मेरा ओठहरू छोएर दौडियो । म मुस्कानभरि छरपष्ट भएं ।

अग्ला अग्ला र सेता हिमाली चुचुराहरू चुम्न पुगे नजरहरू । यति सेतो हिउं यति नजिकै देखेकै थिइन मैले । मैले हेर्न चाहेको यो पनि हो । मैले भोग्न चाहेको यो पनि हो । हिमालका शीर शीरमा सेतो हिउंको टोपी र अलितल सफा बादलको पहिरन । त्यो भन्दा पनि तलचाहिं हरिया बोट विरुवाका हरियो पोशाक । यो सौन्दर्य आफैमा अनुपम भयो मलाई । म खुशीहरूको संसारमा, उल्लास आनन्दको क्षेत्रमा कति धेरै बगें यसको कतै किनारा भेट्न नै छोडें मैले । मेरा भावनाहरू, कामनाहरू टल्किरहेको हिउं जत्तिकै सफा र सेतो अनुभव गर्न ले । अनुभूतिको यो विशिष्टता जीवन भोगाइको यो क्षणमा आएर भोग्न पाएकोमा खोइ कसलाई धन्यवाद दिएर अलिकति सम्हालूं आफूलाई । म त आफैमा नअटाएर फुट्न थालें ओठहरूबाट, आँखाहरूबाट, हृदयको भित्री तहबाट । मैले विमानभित्र चारैतिर आँखाहरूलाई पुऱ्याएं । कुनै पनि नजरहरू विमानभित्र थिएनन् । एकाग्रताको स्थिरता भल्किएको थियो र सबै चन्चल र गतिवान् मन सोझै हिउं फुलेका हिमालहरूको सेरोफेरोमा अडेका थिए ।

हेर्दा हेर्दै बादल समुद्रमा छाल जसरी नै उठ्या र सम्पूर्ण धरतीलाई छोप्यो । उसले छोप्न नसकेका ठाउंमा तिनै श्वेत शिखरहरू थिए । मलाई एकपल्ट बादलको तहमाथि टुकटुक हिंडु र एउटा अर्को अनुभूतिमा बांचु जस्तो लाग्यो । कल्पने कल्पनामा म बादलमाथि उफ्रैं कुदें । यता पल्टिएं, उता पल्टिएं र अन्त्यमा तिनै हिमश्रृखलाको माथिल्लो शीरमा आफूलाई उभ्याएर घामको न्यानो उज्यालो पिउन थालें अञ्जुलीमा थापेर । म देखिरहेको थिएं बादल लाग्ने पनि आकाशमा एउटा निश्चित तह हुँदोरहेछ । त्यहाँभन्दा माथि केवल नीलो आकाश देखिंदो रहेछ । वरपर तिनै हिमश्रृखलाहरू देखिंदा रहेछन् । तर, तल्तिर हेर्ने हो भने धर्ती नै छैन जस्तो लाग्दो रहेछ । विश्व ब्रम्हाण्ड यही आकाश र बादलको तहको बीचमा मात्रै हो भन्ने अनौठो भ्रम हुँदोरहेछ ।

अब हाम्रो विमान बादलको तह चिरेर र बादल फाटेको ठाउं भएर बिस्तारै बिस्तारै तल झर्न थाल्यो र दस बजेतिर पैंतालिस मिनेट हुँदा सिमिकोटको विमानस्थलमा ओर्लियो । मन ढुक्क भएर गजक्क पऱ्यो । मन हर्षले फुरुरं उड्यो । मन उत्साहले चन्चल भयो । विमानलाई धन्यवाद दिएं मैले सकुशल उतारिदिएकोमा । हामी बाहिर निस्कियौं र व्यागहरूलाई जम्मा गऱ्यौं । प्रहरीहरू सर-समान जाँच्न थाले । मैले नजरलाई अलिकति उठाएं । अहो ! सिमिकोट त दौडदै आएर विमानस्थलमै उभिएको रहेछ पाहुनाहरू भित्र्याउन ।

सिमीकोटमा अहिले झलमल्ल घाम लागेको थियो । घामको उज्यालो किरणले सिमीकोटको सौन्दर्यलाई निखारिरहेको थियो । सल्लाका हरिया रूखहरू सिमीकोटको शोभा सुसाइरहेका थिए कर्णप्रिय धून । यसैमा साथ दिइरहेको थियो अलि तलबाट कर्णालीको मधुर गुनगुन । न जाडो, न गर्मी-यो बेलाको सिमीकोटको मौसम ज्यादै राम्रो हुदो रहेछ ।

एयरपोर्टमा हामीले सिमीकोटसंगको प्रथम भेटलाई चिरस्थायी बनाउनकोलागि एक, दुईवटा फोटोहरू खिच्यौं । राइरिकजीको सल्लाह अनुसार त्यसपछि व्यागहरूलाई उहांकै चिनजानको मान्छेको घरमा लगेर राख्यौं । बजार घुम्ने र खाना बनाउन लगाएर खाने पनि उद्देश्य बोकेर हामी बाहिरतिर निस्कियौं उत्सुकता र रहरका पाइलाहरू टेक्दै टेक्दै ।

सिमीकोट एउटा सानो उपत्यका रहेछ चारैतिरबाट

अग्ला पहाडहरूले घेरिएको । पुरै सम्म ।भाग अलिअलि तर आकर्षक पाराको भिरालो रहेछ यो ठाउं । यसैको बीचमा एयरपोर्ट बनाइएको रहेछ । एयरपोर्टको तल्तिर मास्तिर दुबैतिर सरकारी कार्यालयहरू रहेछन् । त्यसको पनि तल्तिर मास्तिर चाहिं गाउंहरू रहेछन् । घरहरू ढुंगाको गाह्रो हालेर टिनको छाना छाएका नयाँ भवनहरू र ढुंगा र माटाकै छाना छाएका परम्परागत घरहरू गरेर दुवै किसिमका घरहरूको छयासमिसे बनावट रहेछ । नयांपन र पुरानोको बीचमा एक किसिमको सद्भाव कायम रहेछ ।

राङ्गरिकजी एउटा सानो होटलमा पस्नुभयो । राजनारायणजी पनि त्यतै लाग्नुभयो । खानाको अर्डर गरेपछि पनि तयार हुनलाई केही समय लाग्छ नै । यसबीचको समयलाई मैले सिमीकोटसँगको चिनाजानीमै बिताउने विचार गरें ।

सिमीकोटमा एउटा माध्यमिक विद्यालय रहेछ । विद्यार्थीहरूलाई पढाइरहेको थियो । अझ खुशीको कुरा के थियो भने सिमीकोट भरिमै रोज्जा घरहरूभध्येमा पर्ने रहेछ विद्यालय भवन । मैले आजसम्म देखेका ठाउंहरू मध्ये अधिकांश ठाउंमा विद्यालय भवनको निर्माणमा सबैभन्दा बढी हेलचेक्रांइ भएको देखेको छु । नाममात्रका विद्यालय भवनहरूमा विद्यार्थीहरू विकल्पहीन भएर पढिरहेको देखेको छु तर सिमीकोट जस्तो अत्यन्त दुर्गम ठाउंमा यति राम्रो भवन देख्न पाउनु मेरोलागि धेरै नै खुशीको कुरा थियो ।

रूख विरुवाले झपक्कै भएको हरियो सिमीकोट किशोरी सेर्पिनीको गालाजस्तै ठाउं ठाउंमा रातै भएर रगिएको पनि रहेछ । झुप्पा झुप्पा राता स्याउहरू जताततै झुण्डिरहेका थिए रूखै भरिभरि । सिमीकोटको सौन्दर्य भन्नु स्याउ पनि रहेछ यो बेलामा । सिमिकोट सौर्य उर्जाको उपयोग गरेर बत्ती बाल्दोरहेछ र राती अँध्यारो चिर्दोरहेछ । तर दुईदिनजति मात्र घाम लुकिदियो भने बिचरा सिमीकोट फेरि खोज्न थाल्दोरहेछ टुकी, मैनबत्ती अथवा दियालो ।

एउटा सानो आ.बा. घर पनि रहेछ सिमीकोटमा । बेला बेलामा सिमिकोट चारैतिरबाट ओइरिदोरहेछ आ.बा. घरमा र निकै भीड गर्दोरहेछ । यस्तो भीड विशेषत: पाँच/सात दिन लगातार विमानको उडान रद्द भयो भने देख्न पाइने रहेछ ।

सिमीकोटमा मुख्यतया रोकाया, बोहरा, शाही, भोटेहरू र सेर्पाहरू बस्दा रहेछन् । उनीहरूको व्यवहार र कुराकानी गर्ने ढंग सुन्दा यहाँ निकै राम्रो किसिमको साम्प्रदायिक सद्भाव रहेको प्रतीत हुन्थ्यो । सरकारी कर्मचारीहरू धेरैजसो अन्यत्र विभिन्न ठाउंहरूबाट आएर बसेका रहेछन् । यहीका बासिन्दाको मुख्य पेशा चाहिं खेती र व्यापार नै रहेछ । व्यापार तिब्बतसग परम्परा देखि नै चल्दै आएको र अहिले पनि त्यत्तिकै चलिरहेकै रहेछ । नेपालगज र सिमीकोटलाई हवाइमार्गले जोडेपछि नेपालगजसग पनि व्यापारको हात बढेको रहेछ । खेतीमा चाहिं मुख्यतया आलु, जौ, गहुँ, सिमी, फापर र चिनो (एकप्रकारको धान जस्तै तर अलि मसिनो दाना भएको अन्न) को खेती गरिदो रहेछ । यसबाहेक कतिपय मान्छेहरूको माथि माथि उचाइमा खर्कहरू समेत रहेछन् । खर्कमा भेडाहरू, च्याग्राहरू र चौरीहरू पाल्दा रहेछन् । यिनीहरूलाई सर-समानको ढुवानीको अतिरिक्त मासुको परिकारको रूपमा समेत प्रयोग गर्दारहेछन् यहां हिमालका सन्ततीहरू ।

एकसर्को घुमाइमा लगभग घुमिसकियो सिमीकोट बजार । यस्तो दुर्गम ठाउंको बजार कति नै ठूलो हुन्छ र ! बजारका तल्तिर मास्तिरका गाउंहरूलाई भने मैले यहीबाट नियालेर हेरें । यी गाउंहरू बजारको तुलनामा निकै नै फोहर देखिन्थे । मान्छेहरू पनि र उनीहरूले लगाएका लुगा पनि त्यस्तै देखिदा रहेछन् ।

हाम्रोलागि खाना तयार हुनै लागेको रहेछ । मलाई देख्ने बित्तिकै राजनारायणजीले सोध्नुभयो - "कता पुगेर आउनु भयो ?"

"सिमीकोटसँग चिनापर्ची गरेको नि ।" म मुस्कुराएं । उहाँ पनि मुस्कुराउनु भयो ।

"कस्तो लाग्यो त सिमीकोट तपाईलाई ?" राङ्गरिकजीको अनुहारमा स्मित हाँसो छरियो ।

"मोहनी लाउला जस्तो छ यो ठाउंले त ।"

"भो बा, म अब घुम्न दिन्न तपाईलाई । पछि गएर काठमाडौंमा के भन्नु नि तपाई खोइ भन्दा ।" राजनारायणजीले ठट्टा गर्नुभयो । हामी तीनैजना हाँस्यौं सिमीकोटको सौन्दर्यजस्तै उज्यालिएर ।

खाना तयार भयो । हामीले खाना खायौं । अघि म घुम्न निस्किएको बेलामा राङ्गरिकजीले यात्राकोलागि एकजना सहयोगीको व्यवस्था गरिसक्नुभएको रहेछ । उनी पनि त्यहां आइपुगे । हामीले अब सिमीकोटमा नै धेरै वेर अलमल गरेर केही फाइदा थिएन । पछि फर्केपछि एक, दुईदिन सिमीकोटमा बस्ने योजना नै थियो हाम्रो । त्यसैले आजलाई भने बाटो लागिहाल्नु नै बुद्धिमानी हुन्थ्यो । हामी गएर यात्राकोलागि सर-समान मिलाउन थाल्यौं । सबैको सामान मिलाइसकेपछि हामी घरको मान्छेसग बिदाबारी भयौं र लाग्यौं बाटोलाई पच्छ्याउन ।

यतिबेला दिनको ठीक एक बजेको थियो । म भित्र

रमाइलो किसिमको चन्चलता बगिरहेको थियो । मभित्र अनौठो किसिमको कौतुहल खेलिरहेको थियो । मसिनो तर नरम रहरको स-सानो आवृत्ति पनि उठिरहेको थियो । यात्राको आनन्द, दुःख र अनुभूतिहरूमा अफूलाई बाँडिदिने र हिमालको टुप्पोमा बसेर त्यसरी छरिएको आफैलाई हेर्ने लोभले पनि काउकुती लगाइरहेको थियो ।

बुगै बुगामाथि टेकेर हिँड्नु पर्ने उकालो बाटोमा थियौ हामी । सिमीकोटसंगको दुरी बढाउँदै माथि माथि उक्लदै गइरहेका थियौं हामी । ठाउँ ठाउँमा सल्लाका हरिया रूखहरू थिए र हावाको स्पर्शले सुसाउँथे । सल्लाको सुसाइ सगीतजस्तो मीठो सुनिन्थ्यो र त्यसले बढ्दै गएको थकाइको आभासलाई घटाउँदै पनि लान्थ्यो र यात्रालाई सुगम बनाउँथ्यो । निकैबेर एकनासले उक्लिसकेपछि फेरि अर्को उकालो देख्दा राजनारायणजीको सुस्केरा छुट्यो - "अझै उकालो सकिएको रहेनछ ।"

हिमाली बाटोमा अभ्यस्त नभएको मलाई एकैछिनमा स्वासप्रश्वास बढ्नु स्वभाविकै थियो । त्यसैले म लामोलामो सास फेर्दै उकालो बाटोलाई हेर्न थालें । राङ्गरिकजी चाहिं सुरुसुरु हिंड्दै जानुभयो र डाँडाको टुप्पोंमा थकाइ मार्न बस्नुभयो । हामीले उहाँको अनुशरण गर्यौं ।

चिसो हावा सर्रर बह्यो हामीलाई धोएर । यो छुवाईले एकदमै मीठो आनन्द छोडेर गयो । थकाइ मार्न बसेको कुरा नै बिर्सिएँ मैले । म टाढाटाढा डाँडाहरूमा, हरिया रूख र पातहरूमा, हावाको स्पर्शमा, कर्णाली र सल्लाको एकीकृत धुनमा र यी सबैबाट प्राप्त अनुभूतिहरूमा आफूलाई डुलाउन र रमाउन थालें । यहाँबाट हेर्दा सिमीकोट बजारको सम्पूर्ण भागलाई एकैसाथ देख्न सकिन्थ्यो । म त्यो पनि हेर्न थालें । सिमीकोटलाई के हेक्का रहला र कति मान्छेहरू यसरी दिनदिनै हेर्दाहुन् उसलाई, उसको जोबनलाई, उसको एकाग्रतालाई र आफूलाई बाँच्ने उपक्रममा बुन्न खोज्दा हुन् । के थाहा र सिमीकोटलाई मान्छेहरू उसलाई हेरर के के के के सोच्दा हुन् ।

"साच्चै, कति उचाइमा होला यो ठाउँ ?" मैले प्रश्न गरें राजनारायणजीतिर फर्केर ।

उहाँले एक्कासि केही कुरा सम्झें झैं गरेर भन्नुभयो - "ला, कस्तो बिर्सिएछ हतारमा । अल्टिच्युड मिटर बोकुँला भन्दै थिएं ।"

"जाउँ है, नछुटेको भए कति राम्रो हुन्थ्यो । पाइला पाइलामा उचाइ थाप्न सकिन्थ्यो । तर अल्टिच्युड मिटर छुटेपनि व्याग खोल्नुभयो राजनारायणजीले र वाइनोकुलर झिक्नुभयो । हामी पालैपालो टाढा टाढाका दृश्यहरूलाई आँखैभरि ल्याएर हेर्न थाल्यौं । हाम्रा सहयोगीलाई पनि यसबाट सिमीकोटलाई, हुम्लालाई नियाल्ने रहर भएछ क्यार, रहरभरि पोखिए मसँग । मैले उनलाई हेर्न सिकाइदिएं । उनीसँग अरु दुईजना उनका साथीहरू पनि पालैपालो हेर्नथाले आँखैमा ल्याएर हुम्लाको प्रकृतिलाई । उनीहरू हाँस्न पनि थाले र अचम्मलाग्दा रङ्गहरूले रङ्गाउन पनि थाले आफ्नो अनुहार ।

"यहाँ पो देख्दोर'छ, नजिकै ।" एकजना अटाएनन् आफूमा र व्यक्तिइछाडे ।

"आखाँमा पो छ ।" अर्कोले पनि पोखे आफूलाई ।

उनीहरू फेरि पनि हेर्नथाले र हाँस्न थाले बाँकी रहेको थकाइ पनि भगाउने गरी ।

एकछिनपछि, आफूलाई पूर्ण स्वस्थ बनाइसकेपछि हामी फेरि हिँड्न थाल्यौं बाटोभरि छरिएर । के थियो र, रहरका लहर लहरमा हामी बगेकै थियौं । उत्साहका पंख चालेर हामी उडेकै थियौं । अब यो बाटोमा ठम्ठम्ती हिंड्न के थियो र ? आफ्नै पाइलाका छापहरूले आफ्नो नाम लेख्दै हिंडिरह्यौं हामी । यसरी हिंड्न कै लागि त कति छट्पटी र व्यग्रताबीच सल्कनुपरेको थियो हामीले । यसरी हिंड्नकै लागि त कति धेरै हठी र जबर्जस्ती बन्नुपरेको थियो साथीहरूबीच हामीले । हामी त्यसैले पनि बाटोभरि छरिएर हिंडिरहेका थियौं । अठोटभरि व्युझिएर हिंडिरहेका थियौं ।

"पहाडको बाटो पहिलोपल्ट हिंड्दा एकदम रमाइलो हुन्छ ।" राजनारायणजी आफ्नो अनुभवमा बरनुभयो ।

"जति गयो उति नै नयाँ ठाउँ आउँछ नि त्यसैले ।" राङ्गरिकजीले राजनारायणजीको अनुभवमा सहिछाप गर्नुभयो ।

म भने उहाँहरूलाई सुन्दै हिंडिरहेको बाटो बाटो भएर । झ्याम्म परेको रूखहरूको सामिप्यता लिंदै, हुम्लाको माटो र धुलोमा पोखिंदै र उड्दै हिंडिरहें । तर, मनमनमा चाहिं लागिरहेको थियो- हुन पनि हो, एकदम रमाइलो ठाउँ भेटें भनेर खुशीले फुरुंग भयो, एकछिन बस्यो र अझ अगाडि गयो झनै रमाइलो ठाउँ पो भेटिन्छ । जीवन कर्तव्यले कहिल्यै खाली छैन भने जस्तै । एउटा ठूलै काम सम्पन्न गरेपछि सन्तोषको दुईचार सर्का सास फेर्न भ्याएको छैन अर्को काममा जुटिहाल्नु पर्ने जस्तो । यो यात्राका अनुभूतिहरू र समग्र जीवन कति धेरै ठाउँमा मिल्दो भइरहेको थियो । म यसैमा दङ्ग परिरहेको थिएं ।

अहिले उकालो र टुक्राटुक्री तेर्सोले विदा लिइसकेको थियो र हामीलाई ओह्रालोले आफ्नो संघारमा भित्र्याएको थियो । खुबुक खुबुक सिंडीहरू ओर्लेजस्तै ओह्रालोमा हिंडिरहेका थियौं हामी । कति मान्छेहरू हिंड्दा हिंड्दै बाटोमा उकालो भेट्दा

तर्सिन्छन् र ओढ्नालोमा भने साह्रै रमाउँछन् । तर मलाई भने किन हो किन ओढ्नालो झरेर गरिने यात्रा कस्तो कस्तो लाग्छ । अलि धेरै थाकिएला, स्वास-प्रश्वास बढ्ला अथवा अलि ढिलो पुगिएला त्यत्ति न हो, म त ओढ्नालो र उकालोमा रोज्न पाएँभने उकालो नै रोज्छु सधैं । र उकालो उक्लिरहँदा मलाई बाँचेको अनुभूतिले, जीवनलाई भोगिरहेको अनुभूतिले बेस्सरी छुन्छ पनि । उकालो उक्लनु र माथि पुगेर फर्केर हेर्नु आफ्नो अतीतलाई, आफ्नो कर्मलाई र आफ्ना कमजोरीहरूलाई हेर्नु जस्तै लाग्छ । त्यसैले यहाँ पनि ओढ्नालो झर्न शुरु गरेको एकैछिनपछि मैले राङ्गरिकजीलाई सोधें-"कति ओढ्नालो हिंड्नु पर्छ अब हामीले ?"

"आजको यात्राभरि ।" उहाँले छोटो जवाफ दिनुभयो ।

म हिसिक्क परें एकपल्टलाई । तर, म यात्रामा निस्केको हूँ । यात्रामा मैले चाहे जस्तो मात्रै हुन्छ र । जीवनमा मैले सोचेजस्तो मात्रै हुन्छ र ! ओढ्नालो पनि त यात्राको एउटा सिलसिला हो । उकालो चढ्दै गएर शिखरमा पुगेपछि त्यही जमेर पत्थर हुने त मेरो लक्ष्य होइन । मैले फेरि पनि हिंड्नु पर्नेछ अर्को ठाउँमा पुग्न भने ओढ्नालो नहिंडेर हुन्छ र ? ओढ्नालो हिंड्नु पनि जीवन भोगाइको एउटा क्रमबद्धता नै त हो । मैले आफैलाई सम्झाउँदै ओढ्नालो झरिरहें ।

हामी ओढ्नालो ओर्लन थालेको पनि निकैबेर भइसकेको थियो । थाकेजस्तो पनि, प्यास लागेर गाह्रो भइरहेजस्तो पनि भइरहेको थियो । तर थपक्क बसिहाल्नलाई त्यति रहर लाग्ने ठाउँ फेला परेको थिएन । हामी खुरुखुरु हिंडिरहेका थियौं । यसैबीचमा एउटा झ्याम्म परेको ओखरको रूख बाटोमै भेटियो । यो ठाउँमा ठूला ठूला ढुंगाहरू छापेर राखेजस्तै गरी मिलेर बसेका थिए । चौतारो जस्तै लाग्ने यो ठाउँमा धारो पनि थियो । हामी चारैजना यहाँ बस्यौं चिसो हावाको न्यानो स्पर्शमा रमाउँदै । हातमुख धोयौं र पानी खायौं । हिंड्दै थाकेको र तातेको जीउ चीसो पानीले छोइँदा चंगा बन्यो । ओखरको सिंयाल ओडेर हामी आ-आफ्नै किसिमले रमाइरह्यौं निःशब्द । म आँखाहरूलाई छर्दै चारैतिर समुद्रमा जाल फ्याँके जसरी नै र माछाहरूलाई टिपे जसरी नै त्यहाँ चारैतिर छरिएर बसेको सजीव सौन्दर्यलाई बटुलेर आफूभरि सजाउँदा म आनन्दले आल्हादले र सौन्दर्यबोधको सपाट र तिक्ष्ण चेतनाले भरिएर त्यसै त्यसै लोलाइरहेको थिएँ, टोलाइरहेको थिएँ । म आफैभरि धड्किरहेको थिएँ । म उचालिएर आकाशभरि उडेको थिएँ । भावना भन्ने कुरो पनि विचित्रको हुँदो रहेछ । म यही विचित्रतामा विचित्रता नै भोगिरहेको थिएँ ।

तल बाटोबाट दुईजना महिला र दुईजना पुरुष उकालो उक्लँदै आए र यही रूखको फेदमा बसे । एकजना महिलाले चाहिं सानो बच्चा पनि च्यापेकी थिइन् । उनीहरूले पनि धाराको पानीले आफ्ना थकाइहरू र पसीनालाई पखाले । राजनारायणजी उनीहरूको उपस्थितिले उब्जिएको स्थितिलाई सजिलो बनाउन उनीहरूसंग कुरा गर्न थाल्नुभयो । उहाँले सोध्नुभयो-"कहाँबाट आउनुभा'को तपाईहरू ?"

उनीहरूमध्ये कै एकजनाले नजिकै अलितलको गाउँलाई देखाएर भने - "त्यही गाउँबाट ।" र उनले पनि प्रश्न गरे- "मानसरोवर जान लाग्नुभा'को तपाईहरू ?"

"हुन त हो तर सकिन्छ कि सकिदैन ।" - राजनारायणजीले उनलाई जाँच्न खोज्नुभयो ।

"किन नसक्नु, सकिहालिन्छ नि । फेरि तपाईहरूजस्ता मान्छेहरू ।" उनी हाँसे । हामी पनि हास्यौं । राजनारायणजीसंग कुरा गरिरहेका तिनी स्थानीय स्कूलका शिक्षक रहेछन् । "प्राय सबै गाउँहरूमा एक, दुईजना सम्पन्न साहुहरू हुन्छन् । उनीहरू जग्गाहरू गरीबहरूलाई कमाउन दिन्छन् । गरिबहरू उब्जनी थोरै हुने हुनाले साहुलाई तिर्न सक्तैनन् र ऋण लिंदा लिंदा कति धेरै हुन्छ भने उनीहरू मर्दा त्यसैले थिचिएर मर्छन् । मान्छेको जीवन साह्रै दयनीय छ यहाँ ।" उनले यहाँको सामाजिक जीवनको बारेमा उठेका मेरा जिज्ञासालाई शान्त पार्ने क्रममा बताए ।

"अरु कुनै नयाँ पेशामा लाग्दैनन् त उनीहरू ?" भन्ने मभित्र उठेको अर्को जिज्ञासालाई निभाउँदै उनले भने - "पुर्खाहरूले गरेको काम के गर्ने ? भन्छन् र नयाँ कामका लाग्दैनन् ।" उनको कुराले मेरो मनको निर्मल आकाशमा धमिलो बादल लगाइदियो । हरे ! यो अन्धविश्वासले कहिले छोड्ला यहाँका गरीब मान्छेहरूलाई र खुकुलोसंग सास फेर्न सक्दा हुन् । कठै । जीवन कहिले फुल्ला यहाँ जीवन भएर ।

हामी त्यहाँ निकै बेर बसिसकेका थियौं । हिंड्नुपर्ने बाटो धेरै थियो । धारापोरीमा बास बस्ने कुरा गर्नुभएको थियो राङ्गरिकजीले । धारापोरी यहाँबाट कतिटाढा पर्छ त्यो कुराको जानकारी राङ्गरिकजी र सहयोगीलाई मात्र थियो । राजनारायणजी र म त कुइरोको काग नै थियौं त्यसैले हाम्रो उठ्ने तरखर नै नदेखेर होला राङ्गरिकजी आफै उठ्नु भयो आफ्नो सामान बोकेर अनि भन्नुभयो - "जाऔं अब, धेरै हिंड्नु छ अझै ।"

यही यसरी नै बस्ने मन भइरहे पनि म उठें, राजनारायणजी उठ्नुभयो र सहयोगी पनि उठे । जाने बेलामा मैले ती शिक्षक भित्रलाई सोधें-"यो ठाउँको नाम चाहिं के हो ?"

"फाया भन्छन् यसलाई ।" उनले बताए । मैले स्मृतिमा मात्र होइन डायरीभित्र पनि लेखें यो ठाउँको नाम र संगै यो पनि लेखें-"बस् है फाया, आउने जानेलाई यसरी नै माया दिएर ।"

हामी फेरि पनि ओढ्नालो झर्न थाल्यौं । बाटो ओढ्नालो मात्र होइन घुमाउरो पनि थियो । अबको बाटोमा ढुंगाहरू त्यति थिएनन् र चिप्लिएर लडिएला कि भन्ने मसिनो त्रास पनि थियो । त्यसैले हामी तीनैजना छाता टेकेर हिंड्न थाल्यौं । सौन्दर्यपानमा भन्दा आफूलाई सम्हाल्नमा बढी सजग बन्नथालें । सहयोगीको लागि त यो बाटो मामुली जस्तै थियो । शायद जन्मेदेखि आजसम्म उनी यही बाटो हिंडिरहेका होलान् सुख पाउने र सपना फुलाउने मधुरा रहरहरूलाई काखि च्यापेर । त्यसैले आफूभन्दा ठूलो भारी बोकेर उनी आजपनि ठमठमी हिंडिरहे । तर राङ्गरिकजी भने एउटा ओढ्नालोमा चिप्लिएर लडिहाल्नु भयो । हेर्दा हेर्दै, सम्हालिंदा सम्हालिंदै उहाँ सुलुल्ल चिप्लिनुभयो । मानवीय स्वभाव न हो अरुको दुःखमा हास्ने, म रोक्न खोज्दा खोज्दै पनि चिप्लिहालें हांसोको चिप्लेटीमा । तुरुन्तै बल गरेर रोकें आफूलाई र उठिसक्नुभएको उहाँलाई सोधें - "चोट त लागेन कतै ?"

आफूलाई गताउता छामछुम गरेर उहाँले भन्नुभयो - "अहँ लागेन ।"

"बिस्तारै बिस्तारै हिंड्नुपर्छ छेउ छेउबाट अलि घुमाउरो किसिमले । त्यसो गर्दा लडिदैन ।" राजनारायणजीले भन्नुभयो । तर विडम्बना ! भनेको दुईचार मिनेट पनि भएको थिएन, राङ्गरिकजी यसरी नै उहाँ पनि चिप्लेर पछारिनुभयो धुलै धुलोमाथि र अलि तलसम्म बग्नुभयो । म अहिले चाहिं एकदम सचेत थिएँ । यति हुँदाहुँदै पनि मभित्र उम्लिएको प्राकृतिक हाँसो अलिअलि पोखिएरै छाड्यो । तर, धन्य हो, उहाँहरू दुवैजना रिसाउनुभएन मसंग । लुगाहरू टकटक्याएर हिंड्न थाल्नुभयो अडिंदै अडिंदै ।

"अबको पालोचाहिं मेरो होला ।" मैले स्थितिलाई रमाइलो बनाउने किसिमले भनें ।"

"हाम्रो शुभकामना छ, तपाईंलाई केही नहोस् ।" राङ्गरिकजीले अलिअलि मुस्कुराउँदै भन्नुभयो । राजनारायणजीले चाहिं आफू लड्नुभन्दा पहिले बोलेकै कुरालाई दोहोऱ्याउनु भयो । मैले पछिल्तिर फर्केर अलिअलि शीर झुकाउँदै दुवैजनालाई धन्यवाद दिएं र आफ्नो बाटो समातिरहें ।

हामी केही बेरपछि माजगाउँ भन्ने ठाउँमा आइपुग्यौं । यहाँ पनि ओखरका केही हरिया बोटहरू थिए । हाडो किसिमको ओढ्नालो यही आइपुगेपछि, सकिंदो रहेछ । यहाँ एउटा पसल थियो । माजगाउँको गाउँचाहिं अलि तल्तिर झुरुप्पै बसेको देखिन्थ्यो । हामीले यहाँ आफूले बोकेका थकाइ र सुस्केराहरूलाई बिसायौं । चिसो पानीले हातमुख धोयौं, आँत भिजायौं र कफी बनाउन लगाएर पियौं । कफिले हामीभित्र मुर्झाउँदै गरेको स्फूर्तीलाई ब्युंझाइदियो । मेरो आँटमा जीवन चढ्यो - कति नै होला र धारापोरी । सजिलै काटिदिन्छु अब यो बीचको बाटोलाई ।

हामी व्यागहरू बोकेर फेरि हिंड्न थाल्यौं । सिमिकोटबाट हिंड्दा झण्डै सगसगै हिंडेका भएपनि यो बाटोमा हरेक दिन यसरी नै हिंडिरहेको घाम हामीलाई बाटैमा छोडेर टाढा देखिंदै गरेको हिमालको टुप्पोमा पुगिसकोको थियो । हिमालपारी लुक्न भन्दा पहिला नै एकपल्ट उसले पुलुक्क हेऱ्यो र भन्यो - "भोलि विहानै म तिमीहरूलाई लिन त्यही आउँछु । आजलाई चाहिं छुटौं अब ।" हामी पनि घाम डुब्दा नडुब्दा धारापोरीको प्रहरी चौकीमा पुगिसकेका थियौं । हामीले प्रहरीहरूसंग बासको लागि सोधपुछ गऱ्यौं । उनीहरूले गाउँमा पाउनसक्ने कुरा बताउँदै चौकीमा चाहिं ठाउँ नभएको जानकारी दिए । हामी गाउँतिरै लाग्यौं । एक, दुईवटा घरमा बास माग्दा बास दिन नै मानेनन् घरकाहरूले । तर हामीले त बास बस्नु नै थियो कहिं न कहिं । हामी अर्को घरतिर लाग्यौं ।

यो घर, राङ्गरिकजीका अनुसार, गाउँको साहुको घर थियो । उनको घरमा योभन्दा अघि पनि राङ्गरिकजी बसिसक्नुभएको रहेछ । त्यसैले यही बस्ने निधो भयो हाम्रो । यो घर शाहीको थियो । हामीले घरको मुलीलाई भेट्यौं । तर उनी पनि ठाउँ छैन पो भन्नथाले । हामीले छानोमाथि भएपनि हुन्छ तर बासचाहिं दिनुपर्छ भन्यौं । राङ्गरिकजीले उनको गुणगान पनि गाउन थाल्नुभयो । आखिर उनी पनि मान्छे नै त हुन्, कतिन्जेलसम्म जमिरहन सक्थे र । प्रशंशाको बाढीले डुबाउन थालेपछि उनी पनि परिलइहाले । शुरुमा छतमाथि मात्रै बास दिन राजी भएका शाही त पछि कुरा गर्दै गएपछि घरभित्रकै एउटा कोठा खाली गरिदिने भए । खानाको लागि चाहिं पकाउने भाँडा, चामल, थालहरू र तरकारीकोलागि केही आलुहरू दिने भए । हाम्रा सहयोगी खाना बनाउन थाले । हामीचाहिं बिस्कुट निकालेर खान थाल्यौं ।

शाहीका छोराछोरीहरू घरभरि रहेछन् । परिवार नियोजनको प्रचलन नभएको यो ठाउँमा मैले त्यसको आवश्यकता एकदमै धेरै महसुस गरें अहिले । ननुहाएको धेरै भएजस्ता देखिन्थे । उनीहरू हाम्रो वरिपरि आएर उभिए । राङ्गरिकजीले चकलेटहरू निकाल्नुभयो र राजनारायणजीले सबैको हातमा राखिदिनुभयो । घरपति शाही चाहिं हाम्रै छेउमा बसेका थिए र गफमा बरालिंदै थिए । गफै गफमा म यहाँनेर भाषाको स्पष्ट भिन्नता अनुभव गरिरहेको थिएं । भाषामा स्थानीयताको कति ठूलो प्रभाव हुन्छ भन्ने कुराको एउटा टङ्कारो उदाहरण थियो यो । कतै कतै हिन्दीजस्तो पनि, कतै कतै नेपालीजस्तो पनि र कतै

कतै चाहिं अकै के के जस्तो लाग्ने नेपाली भाषा उनले बोल्दा म कुनै कुनै बेला बुझ्दैन थिएँ र राङ्गरिकजीको सहयोग खोज्थे तर जब उनीहरूबीचमै कुराकानी हुन्थ्यो तब यहाँको स्थानीयताको पुरै प्रभाव भाषामाथि थोपरिन्थ्यो । शुरुमा एकदमै अप्ठ्यारो लागे पनि केही समयपछि देखि उनको बोलीको ढाँचा, हाउभाउ र भाषाको बान्की सुनिरहुँ र हेरिरहुँ जस्तो पो लाग्न थाल्यो मलाई ।

अध्यारो बाक्लिएर खसिसकेको थियो धारापोरीमा अहिले । अँध्यारोलाई पन्छाउन हामीले टर्च बाल्यौं । हावा अलिअलि चलिरहेकै भएपनि बाल्टिनले छेकेर मैनबत्ती बाल्यौं । सहयोगीले खाना तयार भएको घोषणा गरे । हामी हात धोएर खाना खान बस्यौं । पाँच, साँढेपाँच घण्टाको हिंडाइले भोक पनि निकै लागेको थियो । कतै काँचो र कतै पाकेको भए पनि ठूला ठूला सिता गरेको खस्रो चामलको भात भएपनि आलुका केही चानामाथि कर्णाली नै रित्याएर खन्याएजस्तै गरी हालेको झोलसंग खपाखप खान थाल्यौं ।

"परदेशमा घरमाजस्तो कहाँ हुन्छ र ।" राङ्गरिकजीले भन्नुभयो र मलाई थपिदिनुभयो । म भोकलाई खुबुक्कै हुनेगरी मार्ने धुनमा थिएँ । तसर्थ मीठो नमीठोको ख्याल नगरी हतारहतार संग भोक मार्नेतिर लागें बाँकी कुराहरू पछि नै गर्दै गरौंला भन्ने सोचेर ।

शनिश्चरे - ३ झापा

✡ ✡ ✡

विजया दशमी २०५३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगर विकास कोष समिति

कविता मानिस

- गोविन्द नेपाल

केवल जीवन बाँचिदिने मात्र हो भने
मानिसलाई एउटा
मानवीय शरीर भए पुग्छ
अनि एकगास रोटी ।

जिन्दगी रहे - नरहेको
जनाउ मात्र दिनलाई
अथवा बाँचेको भान पार्न
फगत श्वाँस-प्रश्वाँस भए पुग्छ
पशुभन्दा माथिल्लो दर्जाको प्राणी भनी
गर्वमात्र गर्नेहरूलाई
आवाजको दुरुपयोग गर्दै
दुराचारको स्तंभ उचालेर आफूलाई
मानिसको नाममा कलंकको
टीका लाइदिनपाए पुग्छ ।
मानिस हुनुको महत्तावोधले
सहि जीवन जिउन
मानवीय समवेदनाको
अनुभूति चाहिन्छ ।
आत्मीयता तथा सद्भावना चाहिन्छ ।

अरुलाई चोट लाग्दा
आफूलाई पनि पिडावोध हुने
अरुको रोदनमा
आफ्नो पनि नयन रुझ्ने
परात्मवोध हुनुपर्दछ
उच्चतम् मानवीय आदर्शले
मानिसको साथी बन्नुपर्छ । पशुभन्दा पृथक रहन
अरुको निम्ती बाँचिदिन सक्नुपर्छ - मरिदिन सक्नुपर्छ
संकिर्णता र पछौटेपन धोई-पखाली
कर्तव्य र विवेकको साबुन पानीले
हरेकको विचार
टलक्क टल्काउनुपर्छ
अनि मातृत्व र सहअस्थित्वको
राजमार्ग बनाएर
प्रत्येकको भावनामा
हातेमालो गर्दै सबैसंग
मानिस - जिन्दगीको यात्रामा
निस्कनुपर्छ ।

जोरपाटी, काठमाडौं

✧ ✧ ✧

कथा

विदाको दिन

- सानुभाइ शर्मा

हिज बेलुका मलाई के को खुशि लाग्यो भनी गिदिको पत्र केलाउँदा आज रविवार अर्थात विदाको दिन परेकाले रहेछ। केटाकेटी छदाँका धेरै जसो सुवानीहरूलाई गलहत्याउँदै लागिसकिएता पनि वास्तवमा रमाइलो लागोस् वा न लागोस् 'भोलि छुट्टि' भन्ने कुरो सम्झदा त्यसै एक तमाशको आनन्द प्राप्ति हुने लतले भने अझैसम्म छाडेको छैन। बेलुकाका जुठा भाँडाहरूलाई पनि आजै मात्र नुहाइ धुवाइ गरिदिने र आफू पनि 'जल स्नान मल त्याग' - पट्टि लाग्ने कार्यक्रम निर्धारण गरेर बेलैमा शुकला भइयो। 'के सँधैका सँधै स्नानले प्रा:तकालीन भोजन गर्ने समयमा उठनु; आज त विदाको दिन पो ता ईश्वरहरूले त थकाइ मार्ने दिन। म ईश्वरले बाटेका मट्याङ्ग्रालाई के को हतार' भन्ने वैराग्य भावले तरंगित भएर शिरकसितै पश्चिममा ढाँचाको प्रेम लीलामा मग्न भएर हिमालमा भास्कर भगवानको आंगमनको आभास लिदै थिएँ, मक्खन चोर भगवानको एक प्रतिनिधिले दैलामा मुक्का हानि हाल्यो। उठेर दुध नथापुँ भने, एक पावा दुधका निम्ति त्यो यादवकुमारलाई मेरा न्यावरा गर्ने केही आवश्यकता पर्दैन। उठ्नै पऱ्यो। पानी उघाउने गरेको एउटा गिल्टिको पात्र अझै चोखै रहेछ र त्यसैमा पानी उमाली, चिया रङ्ग, चिनी दुध हाली त्यस चतुरामृतलाई घाँटिको नालबाट उदरस्थलतिर खन्याएर ..... एक कुनामा खर्किएर टिठ लाग्दो प्रकारले आफूलाई हेरिरहेका भाँड़ा कुँडापट्टि मस्कास्त्र लिएर के अघि बड़ने जमर्को मात्र गरेको थिएँ, फेरि दैलामा कसैले ठकठक बजाई हाल्यो। हातमा खाता र निम्तो दिने नाउँमा चन्दा लिने पत्रले सज्जित भएका एक हूल भाइहरूले छापा मारेका रहेछन्। एकापट्टिका कानमा मात्र कुण्डल भिरेर अर्को कानको पुकारमाथि कानमा तेल हालेर बसेको भाइले मेरो कान यसरी घोच्न लाग्यो "तपाईंलाई बल्ल बल्ल भेटियो ... हामी यहाँ युवाहरू मिलेर एउटा पश्चिमे नृत्यको कार्यक्रमको आयोजना गर्ने भएका छौं। तपाईलाई भेटेरै निम्तो दिने धोको धेरै दिनदेखि भोको थियो। त्यसमाथि अलि भेटिका निम्ति पनि भेटिराखौं भनेर ... ।" मैले एकाबिहानै दान दिने पुण्य नकमाइ धर पाउँला जस्तो देखिन। एकपल्ट ता "नदिनु पऱ्यो के पो नाप्लान् र' भन्ने विचार आयो तर फेरि त्यो युवाशक्ति पुञ्जले मेरा अलेलि भएका हाँडा-भाँडा समेत म स्वयलाई कुच्याइराखेर सुई कुच्चा ठोक्यो भने! त्यसैले दाँतबाट पसिना काढ्दै भए पनि निम्तो पत्रमा तोकेको सघाउनी दिएरै संकट मोचन प्राप्त गर्न कर लाग्यो। यस्तो मर्मले मर्माहत भएर भाँडाकुँडा, लुगाफाटा इत्यादिसित भुलिदै थिएँ फेरि दैलामा मुड़कि कस्न आइपुगि हाल्यो कुन चाहिं। मनमा उठेका रिस जति जम्मै दैलैमा खन्याएर दैलो उघारें। हाकिम कहाँ काम गर्ने केटो रहेछ। उसले हाकिमद्वारा मलाई झट्टै उहाँका बासस्थानमा बोलाइदैछ भन्ने शुभ सन्देश सुनायो। संकट आपदजनक नै भएको आभास थपिराखेर उसले कुलेलम ठोक्यो। म फेरि अरे मरेमा परें। एक मनले भन्दै थियो - आ न जा हौ साने; विदाको दिन पनि हाकिमकै दलान कुर्न के को टण्टा; अर्को मनले तत्कालै उत्तर दियो .... 'होइन साने जा, जहान छोराछोरी छाडेर यहाँ नुनको सोझो गर्न एकलै हनुमान जस्तो बसिराको छस्। मान्छेलाई कहिले दिन लाग्छ कसले भन्न सक्छ। आफूभन्दा ठूलालाई कुँड्याएर के पाउँछस् र तैंले। यसरी अर्को मनको उपदेशबाट प्रेरित भएर केही क्षणमा नै म दैलामा ताल्चा मारेर हाकिमका बासस्थान तर्फ लागें।

हाकिम भवनमा गएर आपदकालीन अवस्थाको कारण बुझ्दा उनले भन्दा उनकी छोरीले अघिकै मन पराएको 'मापसो' कुलको सेतो फूल जस्ता भुत्ला धारण गरेको श्वान कुमार बिरामी भएर आलस तालसमा परेको जान्न पाइयो। मलाई आँगनमा देख्नासाथ, सभार्या हाकिम पनि दलानमा उपस्थित भएर दूरदर्शनमा पालो पालो गरी समाचार वाचन गरेझैं मलाई कुकुर झाडा लाग्ने रोगले एकै रातमा थलिएको र त्यसलाई लिएर पशु चिकित्सकका घरमै गएर पनि उपचारको चाँजो यथाशीघ्र मिलाइदिनु पर्ने कुरा सुनाए। हाकिम दुहिता त्यस तुहिन वर्णको स्वान-शावकलाई बोकेर हातले मुसार्दै आफ्ना बा-आमाका पछाडि आइन्। त्यसै समयमा त्यस छाउराले न ता परिवेशको अनुकूलता बुझेर हो न ता आफ्नो शरीरको पाचन प्रणालीलाई छाडा छोडिदिएर हो प्याच्च पारेर झाडा छोडि हाल्यो। हाकिम कन्या एउटा हात फ्याटाक् फ्याटाक् पार्दै हल्लाउँदै भित्र पसिन्। सारा परिवारका अनुहारमा घरमा कुनै मृत्यु सुतक परिहालेको अथवा पर्नै लागेको विभिषिका आएर पोतियो। हाकिम स्वयं एउटा अबोध बालक झैं

दगुरेर वाहन चालकलाई बोलाउन पुगे औ अरु समयमा हामी जस्ता चिङ्ना कारिन्दाहरूलाई नाना प्रकारमा लेप लाक्ष्यले टिलिक्क पारिराखेको वाहनका छेउमा ढिम्किन पनि नदिने र अझ बडी आफ्नी हुर्किसकेकी दुहितालाई कसैले चोर आँखाले भेदि पो रहेछ कि भन्ने कुरामा ज्यादै चनाखोपन देखाउने व्यक्तिले "लु लु झट्ट मेरी छोरी सितै यो कुकुर पनि लगिदेउ र कुनै पशु चिकित्सक, समातेर कुकुरको उपचार गरेर ल्याइदेउ" भन्दा म पनि एकक्षण तीन छक्क परेर झण्डै चार बल्ड्याङ लडें । "पारो, पारो ढिलो नगर न यती साह्रो" भन्दै आमा चाहिंले छोरीलाई हुट्हुट्याएपछि .... हाकिम कन्या पारो र बिरामी भएर साह्रो भएको ल्हासा वंशी श्वान आएर मोटरमा विराजिए । म पनि आफ्ना अभिभावकलाई आइपरेको संकटको स्थितिलाई आफ्नो मुख-मण्डलमा उतारेर आफ्नै छोराछोरी बिरामी हुँदा पनि बनाउन नसकेको कालो अनुहार लिएर मोटरमा पसें । शहरमा त्यो टल्कने मोटरबाट मेरो राम्रो पानी पनि प्राप्त गर्न नसकेको र त्यसमाथि विषदयुक्त भावनामा चुर्लुम्म डुबेको अनुहार देखेर धेरैले मखमलको टोपीमा गुएँलाको फूल सिउरेको संझना गरे होलान् । यसरी पशु-उपचारकको खोज, कुकुरको उपचार, दवाइ पानी किनकान इत्यादि गर्दा झण्डै दिन ढल्किएछ । दुःखका समयमा ठूलो सहायक सिद्ध भएकोमा मालिकनीको मन पग्लिएछ क्यार, चालक र मलाई माया गरेर भुक्के रोटी, दुध र वासि भएर अलि विकार आइहालेको भए तापनि अलेलि शिकारसम्म पनि सुँघाइन् । मैले, हाम्री हाकिमनीको दयाभावको पुल बाँधे .... पेट भरिएपछि । आफैले पकाउनु नपरेकोमा मलाई अर्को थप आनन्द प्राप्त भइरहेथ्यो ।

'हिजदेखि कुकुरले केही खान नमान्दा, मेम साहेबको आदेश पछिको आदेश थाम्न नसकी, साहेब स्वयंले कुकुरको निम्ति भुक्केरोटी, दुध, मासु भेला गरेका हुन् । कुकुरले नखाँदा तिमीहरूले फेला पाऱ्यौ" भान्सेले हामीले भर्खरै पान गरेका पक्वानको संक्षिप्त इतिहास सुनाएपछि मन अझ विक्षिप्त भएर आयो ।

आफ्नो डेराको झल्यास्स संझना हुनासाथ मन त्यसै अमिलिएर आयो । विदाको दिन एउटासम्म मनोरञ्जन त गरुं भन्ने विचार आएर लागे चलचित्र भवनतिर । प्रवेश भेटि तिरेर प्रवेश पत्र किन्नेहरूका निम्ति दुवै पट्टि फलामका बार हालेर बनाइएको गलछिंडामा पसें । मेरा पछि एकक्षणमा धेरै मानिसहरूको लाम बडेर आयो । "महिलाहरूका निम्ति मात्र" भनी तोकिएको खोपामा विर्को लागेपछि, पुरुष महिला, बाल, वनीता, सबै नै एउटै लाममा कोचारिन आए ।

"केटाहरूलाई मात्र छानी टिकस दिन्छ, त्यो टिकस बेचुवा बाहिरमात्र निस्कोस् न, त्यसको टाउको साउको पो फुटाइ दिन्छौ," भन्दै एक दुइजना प्रौढ़ाहरू भवनका पेटिमा संगिनी खेलिरहेका थिए ।

म मानिसको टिनुमा परेर केही क्षणमा नै निस्सासिन लागें । बल्ल बल्ल खोपा नेर ता पुगियो तर प्रवेश पत्र किन्न भने सकिएन । मेरा पछाडि र छेउतिरबाट मेरा खुट्टाका पाँसुला भन्दा ठूला ठूला पाखुरा भएका पाखुरेहरू स्वाट स्वाट खोपामा हात हाल्दै आफ्नो दुनु सोज्याउन थाले । मैले निकै चेष्टा गरिटोपले तर हात मात्रै मर्किने परिवेश सृष्टि भइसकेकाले अरु जमर्किन आँट आएन । पछाडितिरबाट खोइरो खनिन थाल्यो "यो भोटे न आफ्नो टिकस काटेर बाहिर निस्कन्छ, न हामीलाई टिकस काट्न दिन्छ ।" त्यसपछि पछाडिबाट जुन मानव चाप सृष्टि भयो, मैले थाम्न सकिन र कसो कसो गरेर फलामका ठाडा बारका चेपबाट हुत्तिएर बाहिर निस्केर शान्तिको सास फेरें ।

याम वितिसकेकै भए तापनि सागपात बेच्ने पसलतिर गएर केही हरियोपरियो, गेडागुडी बोकेर डेरातिर फर्किने बिचार भयो । दिउँसोको बडा द्वारको बडा भोजनले कि भोजनै वासी भएर हो वा अपर्फट पाकस्थलीलाई ठूलो भार एकैचोटि आइ परेर हो पेट त्यसै कता कता मडारिएला जस्तो पनि गर्न लाग्यो । अरु केही उपाय नलागेर अब डेरातर्फ नै लाग्नु पर्ने भयो । घाम पनि अस्ताउनै लागेका थिए । डेरा पुग्दा साँझ पर्न पर्न लागिसकेको थियो ।

डेरा पुगेर ताल्चा मात्र खोलेको थिएं । एकजना निकै हठिला गठिला डालका, जुघाँ स्वाँट्ट परेका, र सुरा पानका प्रकोपले लाल वर्ण र लाल लोचन भएका पुरुष दैलामा आइपुगे, "तपाईलाई अहिलेदेखि पर्खिएको होइन तपाई पनि विदाको दिनलाई ता घोडा बेचेको तबेलाका सयसले जस्तै गरी पो मनाउनु हुँदो रहेछ ।" आफूले दिनभरि खप्नु परेका गबर झ्याला र यी तेजस्वी पुरुषको मन्तव्यमा आकाश पातालको व्यबधान रहेको हुनाले मेरो टुपी रनक्क गरि तातियो र तबेलाको सयस त होइन, उनलाई नै पो तबेला बनाएर बजाइदिने झोक उठेर आयो ।

मलाई 'आउनोस् न' भन्ने मौकै नदिइ ती करातिला व्यक्ति डेराभित्र हुत्तिएर आइपुगे र मिलाउन पनि नमिलाएर गोज्याङ्रे पारिराखेको पलङका शिरमाथि नै गएर आसन जमाए । ममा अलिकति कुरि कुरिको मानव जनितबोध जागेको हुनाले -भाँडाहरू छोपछाप पारेरमात्र कोठा उज्यालो पार्ने गुलुपमा विद्युत प्रवाह गराउने ककनो थिचें ।

बत्तीका उज्यालामा डिच्च दाँत टल्काउँदै उनी भन्न

थाले, "भाइ मलाई चिनेनौ ? .....

ठूलो साँझको याममा चिन्दै नचिनेको मानिसलाई कसरी चिनें भन्नु र । मैले "चिनिनँ" भनिदिएँ ।

तातेको तेलमा पानीको छिटो परे झैं ती आगन्तुक राकिए, "यही त छ त साहित्यिकहरूको दुर्बलता । एउटा लेखकले अर्को लेखकलाई चिन्ने चेष्टै गर्दैन । यसैले गर्दा हाम्रो भाषा र साहित्यले उन्नति गर्न नसकेको ।"

उनको यो रुद्ररूपले मेरो मृदु कलेजो नै थर्कमान बनाइदियो । उनी फेरि लाल नेत्र गरी मपट्टि फर्किएर कराउन थाले, "हाम्रो भाषाले अब उन्नतिको टाकुरातिर पाइला सारिसकेको छ भन्ने कुरा त तिमीलाई त थाहै होला । अब पाठशालामा पढाइने सबै पाठ्य पुस्तकहरू पनि सबै परिवर्तित हुने भएका छन् । विशेष एघारौं बाह्रौं श्रेणीका बालक बालिकाकानिम्ति मेरा कविताका पुस्तकहरू "रति राग" "प्रेम मञ्जरी" र नाटक "युवा युवती गोप्य संवाद" अनुमोदित हुनै लागेका छन् । यसका निम्ति एक दुइजना कवि लेखकले, "यी पुस्तकहरू नीति परक र नयाँ पिढिलाई सन्मार्गको बाटोमा हिंडाउन सहायक सिद्ध हुने भएकाले, यी पुस्तकहरू नयाँ पाठ्य तालिकामा गाभ्नाले बालक बालिकाहरूको नैतक उत्थान त हुन्छ नै यसले अभिभावकवर्ग र सम्पूर्ण समाजलाई नै शान्तिको सास फेराउन सक्छ," भन्ने प्रकारको कीटान पत्र दिए काम फत्ते भइहाल्ने छ । काम फत्ते भएपछि हामी फेरि भेटौला ।"

> विद्या, पराक्रम दक्षता र धैर्य यी मानिसका चार मित्र हुन् ।
>
> - शुक्राचार्य

एक ता यी कविलाई कहिले नदेखिएको, दोसो उनका कृतिहरूको अध्ययन त के र सर्सर्तिसम्म नपढेको र तेस्रो पुस्तकहरूका नाउँबाट नै अलि काउकुति लागेको हुनाले, मैले यस्तो कीटान-पत्र दिन अलि आनेकाने गरें । उनले, मैले यस्तो पत्र दिएँ भने मेरो अनहार पनि उनकै जस्तो झरिलो. बनाइदिने वचन पनि दिए तर म मानिनँ । केहि शिप नलागेर उनी जुरुक्क उठेर दैलातिर लागे । बल्ल काल भैरबबाट मुक्ति मिल्यो भनेर लामो सास तान्न फोक्सो फुलाउँदै मात्र थिएँ, उनी दैलो बन्द गरेर सोझै म भएपट्टि आएर र एउटा कागजको पातो मेरो नाना प्रकारका सरसमानले भरिएको मेचमा थपक्क राखे । त्यसपछि तिनले आफ्ना दुवै हात अझ अघि बढाएर मेरो घाँटि ट्याप्प पकडेर अति कर्कश स्वरमा भन्न थाले, "यसमा हस्ताक्षर गर्छस् कि तेरो घाँटि अँठ्याएर पुऱ्याइदिउँ यमराजका देशमा ?"

मेरा आँखा अघि तारा जस्तै केही नाच्न लागे औ जिब्रो बाहिर निस्केला जस्तो गर्न थाल्यो । मलाई जीउ जोगाउन नै कठीन पर्नें भयो र कागजमा के लेखिएको थियो, वा थिएन बुझ्नै नपाई हस्ताक्षर गरिदिएँ । त्यती भएपछि उसले मेरो घाँटिलाई मुक्त गरिदियो र फुक्त बाहिर निस्केर अध्यारोमा विलीन भयो । म एकक्षणमा उठेर दैलामा आएर नाच्न लागें । साँच्चैका ताराहरू हुन कि अघि घाँटि अँठ्याइ मारदा आँखा, अघि झुल्कन आएका ताराहरू हुन भन्ने बुझ्नलाई आँखा माडेर फेरि आकाशतिर हेरें ... साँच्चै कै ताराहरू रहेछन् । मलाई बल्ल थाह भयो-बिदाको दिन समाप्त भएछ ।

गान्तोक

* * *

विजया दशमी २०५३ को पुनीत उपलक्ष्यमा

हाम्रा समस्त ग्राहकवर्गहरूमा

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आर. क्युब. गार्मेन्ट ई. प्रा.लि.

पो. ब. नं. :१८६५, पुरानो वानेश्वर, काठमाण्डौं

फोन नं.: ४-७४३१० फ्याक्स नं.: ४-१०१००

कविता

'समय र म'

- देवी प्र. ढकाल

हररोज विहान -

म मेरो महत्वाकाँक्षा ठड्याउँदछु
त्यो अहम् बीजरोपण भित्र
मेरो सर्वस्व बोल्छ
उही महत्वाकाँक्षी जीजीविषाले
अविराम गतिको साइत हेर्छ ।

प्रत्येक दिउँसो -

म मेरो सर्वस्व गुमाइरहेछु
शहरको एकटोलको पाठशालामा
र, अनर्थ र अर्थहरूसंग
उपार्थ जन्माउने भएको छु ।

अनि प्रत्येक रात -

म मेरो सुकोमल महल खडा गर्छु
जहाँ जिन्दगीका सम्पूर्ण गति
आरोह अवरोह संघर्षहरू पारगर्दै
आफ्ना लक्षित कक्ष भित्र
तँछाड मँछाड भइरहेछन् ।

प्रसन्न मुद्रा, चहक कान्तिमय अनुहार
काबारेपी मनद्वारा र मासुमताको जम्का भेट जस्तो
यही दैनिकी भित्र उ र म पुरक भएका छौं ।
केवल उ अनि म ।

कुमारीगाल, चावहिल

विजया दशमी २०५३ को सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य एवं
दीर्घायुको कामना गर्दछौं ।

यस केन्द्रबाट उपलब्ध सेवाहरू :-

- ☆ आरामदायी चिकित्सा (L.E.Test)
- ☆ अकुपंचर
- ☆ बाल रोग, स्त्रीरोग, आँखा, नाक, कान, घाँटी
- ☆ प्याथोलोजी (दिसा, पिसाव, रगत जाँच)
- ☆ स्वास्थ्य शिक्षा
- ☆ विद्यालय आँखा परिक्षण (घुम्ती सेवा)
- ☆ साधारण स्वास्थ्य परिक्षण (General O.P.D.)

सेवा समय विहान ९ बजेदेखि २ बजेसम्म
आइतवार सेवा केन्द्र बन्द रहने छ ।

बी.पी. शाही
अध्यक्ष
एवं
ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र परिवार
गोकर्ण दक्षिण ढोका
जोरपाटी गा.वि.स., वडा नं. ५, काठमाडौं

संगति र भावको समिश्रबाट जन्मेको उच्चतम दर्शन नै साहित्य हो ।

- बी.पी.कोइराला

विजया दशमी २०५३ को पुनीत उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्गहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चौधरी गार्मेन्ट ई.
भगवतीवहाल, काठमाण्डौ

निबन्ध

कविता⇒कविता⇐र कविताका कुराहरु

- कृष्ण प्रधान

❑ साहै सस्तो कुरा गर्नुछ भने, कोही भन्छन् ⇒कविताकै कुरा गरौं ।

❑ अहिले सबभन्दा सस्तो कुरा संसारमा कुनै छ भने त्यो हो कविता । यसैले सस्तो भएरै हुनुपर्छ तेसको माँग छैन र अर्थशास्त्रको कखरा पढनेले बुझे झैं भाषामा भन्दा जुन वस्तुको माँगै हुँदैन तेसको मूल्य सस्तो हुन्छ । कुरा तेति मात्र होइन माँग र आपूर्तिको । आपूर्ति बढी भएपछि सोही अनुरूप माँग बढेन भने बजारमा कुनै पनि वस्तुको मूल्यमा गिरावट आउँछ, मूल्य निर्धारण सिद्धान्तको एउटा पक्षले सकारेको वस्तुता हो यो ।

❑ तर कवितामा यो वस्तुता सत्य हुँदैन । कविता भनेको मूल्य वा मूल्यमा तौलिने वस्तु होइन । म भन्छु । यसैले कविताको आपूर्ति बढी भएर मूल्यमा यसको गिरावट आएको होइन, कविता र कविताहरूको मूल्यमा गिरावट आउनुले कविताको आपूर्ति र कविको भीड वा जमातले केही सरोकार पनि राख्तैन । कविता सृजनामा लागिपरेकाहरूले भन्ने कुरा हो यो । कविता पक्कै पनि दाल, चामल मट्टितेल वा पाउरोटी होइन⇒हुन सक्तैन पनि । तर कविता दाल, चामल, मट्टितेल र पाउरोटी या यस्तै यस्तै नून-तेलका पीडालाई तौलने वस्तु भने हो । यसैले मानिसहरू कवितालाई तीसितका मूल्यमा कविता हेर्छन् तौलन्छन् र मूल्याङ्कन गर्छन् ⇒कविताको मूल्य रू. ५०।-/७५।-/१००।-/ वा यस्तै यस्तै, पीडाले ⇐सुखले होइन । कविताले छाक् टारेका उदाहरण कमसेकम नेपालमा नहोला तर देवकोटा नामका एक स्वर्गीय महाकविले बनारसमा कविता किन्ने पंडितलाई आच्छु आच्छु नै पारेछन् । संभवदा देवकोटाले ऊबेलामा दुईचार आनामा बेचेको कविताको मूल्य कमसेकम अहिले 'कविता', 'मधुपर्क', 'गरिमा' 'मिर्मिरे' वा यस्तै यस्तै कविताका मूल्य निर्धारकहरूले निर्धारण गरेका मूल्यभन्दा त निकै आकर्षक थियो भन्ने अनुभव हुन्छ, किनभने त्यो २।४ आना अहिलेको कविताको⇒वस्तुगत मूल्य २।४ सयभन्दा पक्कै पनि कम थिएन बरू बढी नै क्रयक्षमता भएको होला । मूल्यमा बेच्ने कवितालाई अवमूल्यन गरेको होइन एउटा वस्तुगत मूल्य र सत्यताको आलोकनबाट हेर्ने अवधारणा मात्र अघि सारेको हो । कविताको⇒रचनाको कुनै वस्तुगत मूल्य त्यो रचनाले सृजना गर्ने वा तोके होइन/हुँदैन क्रेताले नै तोक्ने हुन्छन् ।

❑ तर क्रेता कविताका खोई ? सायद क्रेता कविताका नपाएरै हुनुपर्छ, एकजना युवा कविले एउटा कविताको विडम्बना-मूल्य बजारबाट निर्धारण गराए । एउटा छापा लेख्छः केदार खड्काले एउटा गाई-जात्रे कार्यक्रममा आफ्नो एक कविता लिलाम गरे । लिलामी-कविताको प्रथाले कविताको मूल्यमाथि नै व्यङ्ग्य प्रहार गरे । राम्रै निर्णय गरे । एउटा कोलाजै सही, एउटा प्रयोगै सही । यो लिलाम भै नराखेको तर स्वयम् मूल्यहीन लिलाम बोकी हिंडेको कविताले कमसेकम लिलाम सकार्ने ठाउँ पाएकोमा म खड्काजीको प्रयोगलाई कमसेकम स्यावासी दिन मन पराउँछु । मानवीय लिलामका मूल्य ओज बोक्ने कविताले स्वयम् लिलाम हुनु पुग्नु कुनै आश्चर्य होइन । यति हो, अब त्यो लिलाम सकार्नेले कविताको श्रष्टाको नाम लेख्न पाउँछ वा त्यो लिलाम सकार्ने कै हुन्छ ? रह्यो त्यो कानूनी कुरा म तेतापट्टि जान्न, किनभने वस्तुगत मूल्य र मूल्यगत मूल्य फरक कुरा हुन् । खड्काले लेखेको कविताको लिलामी मूल्य अर्थात् त्यो डाँक सकार्नेले जे जतिमा कविता सकारे त्यो कविता नै सकारे वा तेसको मूल्यलाई मात्र सकारे त्यो प्रष्ट हुँदैन । लिलाममा कविता सकार्नु र सम्पादकले सम्पादनमा सकार्नुका मूल्यगत विभेद पक्कै हुन्छ । यसैले लिलाम गर्नेहरूले व्यङ्ग्यलाई सार्वजनिक गरे पनि कविताप्रतिको मूल्य निर्धारणको न्यायिक अंग पुगेको ठहर्दैन कि ?

❑ हुनत कविताका पुरस्कार सकार्नुलाई पनि एउटा लिलामी-अर्थमा लिन सकिएला । यसैले कलाबादीहरू रचनाका मूल्य तोक्दैनन् । कोही नोबेल पुरस्कारलाई पनि स्वीकार्दैनन् । त कोही पुरस्कारकालागि पुरस्कार पनि खर्चिन्छन् । पुरस्कारकालागि पुरस्कार खर्चिने प्रथा पनि एउटा लिलामी-मूल्य प्रथा नै हो । तर पानीका पीडा भोग्ने कविताको मूल्य कृष्णलालको खेती वा सलमान् रुश्दीको आत्म-प्रवास मात्रै हुन सक्तछ । कोही बञ्चरो उठाएर मृत्युदण्ड सुनाइरहेछन्⇐कविताको मूल्यै हो त्यो । कोही फतवा पठाएर घोषणा गरिरहेकैछन्⇒कविताकै लिलामी मूल्य हो त्यो ।

कोही कवितालाई रथारोहण रूढ गराएर कांधमा कविताका जुवा नै तानिरहेछन् सम्मानको त्यो पनि कवितालाई लिलाम गर्ने अर्को प्रथा हुनसक्छ। मोहन कोइराला अहिले सघन उपचारार्थ नेपालमा सम्भव नहुँदा, दिल्ली गएकाछन्, सहयोगमा नाना भाँती पर्चाहरू लेएर छापा नरखिएको छैन. वादविवादको महाकाली नबगेकी पनि छैनन्, तर कोइरालाले पनि कविताकै लिलामी-अर्थमा साँघुरिनु परेको छ, खड्काले पनि वा कोइरालादेखि देवकोटासम्मले पनि।

❑ कोही लेख्छन् कविता आगो हो। मैले पनि लेखें। लेखेबापत झण्डै जागिरै खुस्कएं। त्यो पनि आर्को प्रथा नै होला कविता लिलामी बजारको। अहिले पानीको राजनीतिले देश तातिएको छ महाकाली चढेको झैं। कहिले काहीं कविता पनि महाकाली चढेर तातिन्छ। तर कविता तात्नु र महाकाली तात्नुमा भने फरक छ। तातेको महाकाली सेलाउन सक्छ तर तातेको कविता सेलाउँदैन⟹मूलभूत फरक यही हो।

❑ कविताको मूल्य हुनुमा र कविताको मूल्य नहुनुमा भन्दा पनि कविताको सम्मान हुनु र नहुनुले महत्व राख्तछन्। म भन्छु कवितालाई मूल्यमा खरीद बिक्री गर्नुभन्दा कविताको सम्मान चाहींले विशेष स्थान राख्तछ। म भन्छु कविताले पेट भरिदैन। किनकि त्यो कागजको खोस्टाले कविको पेट भर्ने काम गर्न सत्तैन। पेट भर्न वस्तु चाहिन्छ र, कविता वस्तुगत यथार्थमा पस्न मान्दैन वस्तु झैं। पदार्थका कविता लेखिन्छन् तर कविता पदार्थ हुनसत्तैन। प्राप्तिमा कविता समर्पण हुन्न। समर्पण नै नभएपछि पदार्थ प्राप्तिको कविताका कुरै नगरौं। प्राप्ति नै समर्पण होइन। समर्पणको आनन्द चाहीं सम्मानमा हुन्छ। कविताको सम्मान गर्ने परम्पराको समर्पणमा आनन्द हुन्छ। तेसैले पदार्थगत कविताका आत्मसन्तोषले भन्दा आत्मपीडाले ग्रसित छौं, पीडादायी आत्मसन्तोषले ग्रस्त छौं। कविताका पीडा कविताका स्रष्टालाई जति अनुभूत हुन्छ तेती पीडा कविताका मूल्य नाप्नेहरूलाई नहोला। साँच्चै भन्ने हो भने कविता पीडा नभोग्नेहरूले कविता लेख्नुलाई बुझ्ने चाहदैनन् वा बुझ्ने सत्तैनन्। कविताका पीडा पानीका पीडाभन्दा भयानक हुन्छ, पदार्थगत आयतनमा। जो देखिन्न नि त्यो दखिनेभन्दा भयानक हुन्छ। जो देखिन्छ त्यो पीडा त्यो होइन कवितामा।

❑ एउटा रामप्रसादजी हुनुहुन्छ। आर्को नगेन्द्रराज हुनुहुन्छ वा आर्को शान्तदेवजी हुनुहुन्छ। म ती ती जीहरूको पदार्थगत मूल्यसित मेरा कविताको पीडालाई दाज्दिन तर म मेरो कविताको पीडालाई ती ती जीहरूको सम्मानगत मूल्यसित चाहीं दाजिहेछुं। 'कविता' 'मधुपर्क' 'मिर्मिरे' वा 'गरिमा' को पदार्थगत मूल्यभन्दा रामप्रसादजीको 'दायित्व' नगेन्द्रजीको 'अभिव्यक्ति' र शान्तदेवजीको 'रत्नश्री' को मूल्य मेरालागि कविताको पदार्थबीहिन मूल्यको ओज हुन्छ। म 'रूपरेखा' का स्वर्गीय उत्तम कुवंरको पदार्थविहिन मूल्य-ओजलाई एकहदमा सम्मान गर्छु। रामप्रसादजीले कहिले हो याद भएन स्व थैली कम गरेर भए पनि मेरा कविताको सम्मान गर्नुभएको छ। पदार्थगत मूल्यमा कविताको स्व लिलाम हुने विषय होइन⟹सम्मानमा लिलाम हुन्छ भन्छु म। यसैले म कविताको प्रचारबाजीमा विश्वास नराख्ने मान्छे हूँ। कवितालाई पदार्थगत मूल्यमा ओज चढाउने मान्छे होइनँ।

❑ कविताको मूल्य आफ्नै ठाउँमा छ हुनुपर्छ पनि। कवि आफ्नै ठाउँमा हुन्छ हुनुपर्छ पनि। लिलाम होस् वा खरीद बिक्री नै सही कविताको सस्तो व्यापार गर्नेहरूले नै कविताको स्वलाई मूल्यहीन र बेवारिस बनाइरहेछन्। कोही अर्ध-युद्ध लडिरहेका छन् यसका भने कोही पूर्ण र अन्तिम युद्ध लड्न खोज्दैछन् तर कविहरू वा कविताका स्रष्टाहरू कविता-मूल्य स्थापनका अन्तिम युद्धबाट भने धेरै टाढा टाढा भागि रहेको दृश्य भने अचेल जतातते देखिन्छ। देख्न पाइन्छ। महंगो भन्नेहरूले नै अचेल कवितालाई सस्तो बजारमा उतारि राखेकाछन्। कविताको मूल्य ओज स्थापनको उच्चताभन्दा अचेल भएको नग्नतामा विश्वास राख्नेहरूकै आधिक्य भएको छ। यसरी कविता सर्वाङ्ग सर्वाङ्ग नाङ्गिएकी छे⟹कविता श्रीविहिन भएकी छे। अस्तु।

२०५३ भदौ/

★ ★ ★

विजया दशमी २०५३ को पुनीत
उपलक्ष्यमा समस्त
देशवासीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं

सौरभ आयल मील
गन्नापुर, नेपालगंज

कविता

कर्मवीर युवा

- व्याकुल पाठक

वर्षाको बाढीले गाउँ बगाउन लाग्दा
युवाले काँध थापेर बस्ती बचाएको छ
अँध्यारो मेटाउन उसले
बाँध बाँधेर बत्ती बलाएको छ ।

पहाडमा पहिरो जाँदा
आफ्नो आङ्ग थापेर
देशको भ्वाङ टालेको छ,
तराईमा सय धुरी आगलागी हुँदा
आफ्ना दुई पाखुरीले निभाएको छ ।

कतै बाँदर लड्ने भीरमा - युवा
गोरेटो भएर उभिएको छ,
कतै दुर्गम पहाडमा - युवा
राजमार्ग भएर पुगेको छ ।

देशमा जब जब सङ्कट आइपर्छ
युवा हरतरहले उपस्थित हुनेगर्छ,
खडेरीमा पसीनाले टारी भिजाउने गर्छ
पहरो फोरेर पाखुराले बारी बिराउने गर्छ
यो देशको गह्रा गह्रामा युवा-पैताला
जरा बनेर फैलेको छ,
असहायको अगाडि दुई हत्केला
सहारा बनेर जुटेको छ ।
कर्मवीर युवाकोलागि यो देशको माटो नै मीत हुन्छ
जहाँ जहाँ टेक्छ ऊ, त्यही उसको जीत हुन्छ
युवाको जाँगर बढेमा नै यो राष्ट्रको हीत हुन्छ ।

सामाखुसी, काठमाडौं

✧ ✧ ✧

प्रेम त्यो हतियार हो, जसको
प्रयोगले शत्रु पनि मित्र बन्दछ ।
-गान्धी

विजया दशमी २०५३ को
पुनीत उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्गहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

❋ ❋ ❋

जिल्ला विकास समितिको
कार्यालय
कालीकोट

Heartly Greetings
On The
Auspicious Occasion Of
Happy
VIJAYA DASHAMI

DECENT GARMENTS
Tangal, Kathmandu

गजल

गजल

- उपेन्द्र ढुंगेल

मेरो जीवनमा घट्दै नघटेको घट्नालाई
सत्य घटनामा आधारित नाटक बनाई दिनु भो हजुर !!

सानै शहरमा नै भए पनि बदनामको
माला लगाई दिनु भो हजुर !!

तरवार देखाएर मार्न आउनेलाई
ढाल देखाएर प्रतिकार गर्न खोज्दा त्यसलाई
तपाईको नाटकको शिर्षक बनाई दिनु भो हजुर !!

तपाईको नाटकलाई कत्ति सफलता मिल्यो कुन्नी
तर, मेरो तर्फबाट त ठूलै पुरस्कार पाउनोस्
भन्ने शुभेच्छा छ हजुर !!

भक्तपुर, कटुञ्जे - २

✦ ✦ ✦

विजया दशमी २०५३ को पुनीत उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

यज्ञ ब. बुढाथोकी
प्रमुख तथा
त्रिभुवननगर नगरपालिका परिवार

विजया दशमी २०५३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राप्ती डिष्ट्रिलरी
लमही, दाङ्ग
फोन नं. २९०३५

विजया दशमी २०५३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल खाद्य संस्थान
प्रधान कार्यालय

सय वर्ष बाँच्नु छ भने आफ्नो चारैतर्फ हँसिला र जवान मित्रहरूको समूह राख ।

- एलिजाबेथ